जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक १३, २०८० साल असार २२ गते शुक्रबार, नेपाल संवत् ११४३ (July 7, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## इस्ट जोन कपमा नेपाललाई तेस्रो पटक उपाधि




काठमाडौं । नेपालले एसिसी यू-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगितामा उपाधिमाथि ह्याट्रिक गरेको छ । मलेसियाको बायुमास क्रिकेट मैदानमा मंगलबार भएको फाइनलमा नेपालले आयोजकलाई दुई सय २१ रनको फराकिलो अन्तरले हराउँदै लगातार तेस्रोपटक उपाधि हात पारेको हो ।

बाँकी ८ पेजमा

बाँकी ८ पेजमा

## नर्सहरूलाई बेलायतमा जागिर खुल्यो

काठमाडौं । नेपाली नर्सहरूलाई वैदेशिक रोजगारीका लागि बेलायत पठाउने तयारी सुरु भएको छ। नेपाल र बेलायत सरकारबीच भएको द्विपक्षीय श्रम सम्झौता कार्यान्वयनसम्बन्धी कार्ययोजना (इम्प्लिमेन्टेसन प्रोटोकल) पारित भएसँगै बेलायतमा नर्स पठाउने बाटो खुलेको हो ।

मन्त्रिपरिषद्बाट प्रोटोकल पारित भएसँगै दुवै देशबीच प्रोटोकलमा हस्ताक्षर गरिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सह-सचिव राजीव पोखरेलले प्रोटोकल पारित भएसँगै काम धमाधम अगाडि

बाँकी ८ पेजमा

# इपिजी प्रतिवेदन : भारतको असन्तुष्टि र असहमति

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहालको हालैको भारतको औपचारिक भ्रमणमा प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन (इपिजी) बुझ्ने विषय, कालापानी क्षेत्रको सीमा विवाद, भारतको नवनिर्मित संसद भवनमा राखिएको विवादास्पद भित्तेचित्रमा नेपालको लुम्बिनी, कपिलवस्तु राखिएको विषयबारे कुरा उठेन । इपिजी प्रतिवेदनका सन्दर्भमा त प्रधानमन्त्री प्रचण्डले माहौल बिग्रिने सम्भावना रहेकाले सो बारेमा कुरा नगरिएको बताए । इपिजी प्रतिवेदनमा खास के छ ? यस बारेको विवरण सार्वजनिक भएको छैन । तर सामान्य अनुमान के छ गर्न सकिन्छ भने इपिजी प्रतिवेदन तत्कालीन राजा वीरेन्द्रले राखेको शान्ति क्षेत्रको प्रस्ताव जत्तिकै नेपालका लागि महत्वपूर्ण छ। यो प्रतिवेदनमा सीमा नियमन मात्र होइन, झन्डै सैनिक सन्धिको गन्ध आउने सन् १९५० को नेपाल भारतबीचको शान्ति तथा मैत्री सन्धिलाई पुनरावलोकन गरिनुपर्ने र पुनरावलोकनका धाराहरू समेत स्पष्ट उल्लेख गरिएको बताइन्छ । २१ औं शताब्दीमा दुई सार्वभौम सत्ता सम्पन्न स्वतन्त्र मुलुकबीच हुनुपर्ने पारस्परिक समानतामा आधारित सम्बन्धमा इपिजी प्रतिवेदनमा जोड दिइएको हुनुपर्छ ।

इपिजी प्रतिवेदनबारे कुरा उठाउँदा अन्य उपलब्धि पनि जोखिममा पर्ने ठानेर हुन सक्छ त्यसमा प्रवेश नै गर्न चाहेनन् । त्यसमा शंकाको सुविधा दिन सकिन्छ । तैपनि समग्र सीमासम्बन्धी कुरा उठ्यो र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सीमा विवाद टुंग्याउन भारत तयार रहेको बताएका छन् । दुवैतर्फका संयन्त्र बसेर समाधानको उपाय निकाल्ने कुरा भएको छ । भारतले मुखले रामराम बगलीमा छुरा बोक्ने छिमेकी नीति अख्तियार गर्दै आएको सर्वविदितै छ । ६ महिनामा डीपीआर तयार गर्ने भनिएको एकीकृत महाकाली परियोजनाको हालत के छ ? जगजाहेर नै छ । भारतको सहमतिमा बनेको प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन बुझ्न भारत अझै तयार छैन । यो नेपालको मात्र टाउको दुखाइको विषय होइन । 'छिमेक



पहिले' नीति लिएको भारतले इपिजी प्रतिवेदन नबुझ्नु कूटनीतिक बेइमानी मात्र होइन, हेपाहा प्रवृत्तिको पराकाष्ठ समेत हो । त्यसो त भारतले प्रतिवेदन बुझ्नु मात्र कुनै उपलब्धि होइन । मुख्य प्रबुद्ध समूहले गरेका सिफारिस कार्यान्वयन गर्ने विषय यो हो ।

भारत आफैं चीनसँगको सीमा विवादमा जकडिएको छ। चीनसँग सीमा जोडिएका भारतका पूर्वोत्तर क्षेत्र मेघालय र पश्चिमोत्तर क्षेत्र लद्दाखमा भारतले आफ्नो कुल ५.७४ ट्रिलियन वार्षिक रक्षा बजेटको ठूलो हिस्सा खर्च गरिरहेको छ। जबकि नेपालसँग सीमा जोडिएका क्षेत्रमा ऊ सुरक्षित छ र उसको ठूलो सैन्य खर्च जोगिएको छ। यद्यपि भारत सधैं नेपालबाट आतंकवादको त्रासको प्रसंग निकालेर ठूल्दाइको व्यवहार गर्नबाट पछि हट्दैन । ब्रिटिश उपनिवेशले भारतलाई आतंकवादको मसला पाकिस्तान छुट्टै देश बनाइदिएर दियो । राजनीति र कूटनीतिमा मात्र होइन बलिउडका अधिकांश सिनेमाहरूले सिनेमाको कथा पाकिस्तानी आतंकवाद नै बनाए र यो क्रम कस्मिर फायल्स र उरी जस्ता सिनेमाहरूमार्फत अझै अघि बढिरहेकै छ। सन् १९४५ को अटलान्टिक चार्टरको परिणाम भारत ब्रिटिस उपनिवेशबाट मुक्त भयो। गान्धिको अहिंसात्मक आन्दोलन र नेहरूको चातुर्यले भारत स्वतन्त्र भएको होइन। १ सय ९० वर्षसम्म अंग्रेजहरूका दास भएका भारतीयहरू अहिले पनि त्यही दास मानसिकताभन्दा माथि उठ्न सकेका छैनन्। नेहरूको गुलाम मानसिकताले नै नेपाललाई सन् १९५० को सन्धि गर्न बाध्य बनाएको थियो। नेहरूदेखि मोदीसम्म आइपुग्दा पनि अंग्रेजकालीन दास मानसिकताबाट भारतीयहरू अलिकति पनि रुपान्तरण भएका छैनन्। त्यही कारण हो अहिलेसम्म इपिजी प्रतिवेदन वेवारिसे अवस्थामा रहनु ।

डा.बाबुराम भट्टराई र सुशील कोइराला हुँदै प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा २०७२ माघ १३ मा मन्त्रिपरिषद्को बैठकबाट नेपालतर्फका सदस्यहरूले नामावली टुंग्याएर इपिजीले अनौपचारिक रुपमा कार्य आरम्भ गरेको थियो २००२ चैतमा। २०७३ असार २ र २१ गते काठमाडौंमा इपिजीको संयुक्त बैठक बस्यो। इपिजीको नेपाल सचिवालय व्यवस्थापनमा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानलाई तोकियो। पछि इपिजीको अनुरोधमा छुट्टै सचिवालयसहित काम सुरु गरियो। भारततर्फ इपिजीका लागि रक्षा अध्ययन एवं विश्लेषण संस्थानको जस्तो नेपालमा प्रतिष्ठानको कुनै भूमिका थिएन। नेपाल भारतबीच विगतमा भएका सबै सहमति सम्झौता र व्यवस्थापनको पुनरावलोकन गर्ने र २१ औं

बाँकी ८ पेजमा

## घोराही सिमेन्टको अर्को कर्तुत

काठमाडौं । साधारण सेयरको बिक्री कार्यमा बदनियतपूर्ण काम गरेको भन्दै अनुसन्धानको घेरामा परेको घोराही सिमेन्टले फर्जी ट्रान्सपोर्ट कम्पनीमार्फत ठूलो परिमाणमा भारतमा रकम पठाउने गरेको पुष्टि भएको छ। घोराही सिमेन्टले फर्जी ट्रान्सपोर्ट कम्पनी आशिस ट्रान्सपोर्ट कर्पोरेसनमार्फत भारतमा रकम पठाउने गरेको विभिन्न समयमा काटिएको नक्कली बिलमार्फत पुष्टि भएको हो। कम्पनीले सन् २०१२ मा तीन पटकमा झण्डै एक करोड रुपैयाँ नक्कली ट्रान्सपोर्ट कम्पनीमार्फत भारत पठाएको भेटिएको छ।

बाँकी ८ पेजमा

## १ खर्ब ७० अर्ब विदेशी ऋण प्रतिबद्धता

काठमाडौं । सरकारले चालू आर्थिक वर्षको जेठसम्म एक खर्ब ७० अर्ब ५१ करोड रुपैयाँबराबरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त गरेको छ । यो सरकारी लक्ष्यभन्दा एक खर्ब २७ अर्ब कम (५७ प्रतिशत) मात्रै हो । सरकारले चालू आर्थिक वर्षमा कुल बजेटमध्ये दुई खर्ब ९७ अर्ब ७२ करोड वैदेशिक सहायताबाट व्यहोर्ने लक्ष्य राखेको थियो ।

अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाले सार्वजनिक गरेको जेठसम्मको वैदेशिक सहायतासम्बन्धी प्रतिबद्धता तथा सम्झौताको प्रतिवेदन तथ्यांकले यस्तो देखाएको हो । जसअनुसार अन्तर्राष्ट्रिय दातृ निकायहरूले एक खर्ब २९ अर्ब ८४ करोड ऋण र ४० अर्ब ६७ करोडको अनुदान सहायता दिने प्रतिबद्धता गरेका छन् ।

बाँकी ८ पेजमा

## सम्पत्ति शुद्धीकरण हुँदै : नेपाल जोखिममा

काठमाडौं । सम्पत्ति शुद्धीकरण नियन्त्रणको प्रभावकारिता सम्बन्धमा १३ वर्षपछि नेपालको पारस्परिक मूल्यांकन हुँदै छ । अधिकांश सूचक नकारात्मक भएकाले नेपाल 'ग्रे लिस्ट'मा पर्ने जोखिम छ । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा नेपालको प्रयास र अवस्थाबारे मूल्यांकन हुन लागेको हो । सम्पत्ति शुद्धीकरण मामिलामा एसिया प्रशान्त क्षेत्र हेर्ने समूह (एपिजी अन मनी लाउन्डरिङ) को वार्षिक साधारणसभामा नेपालको पारस्परिक मूल्यांकन हुन लागेको हो ।

बाँकी ८ पेजमा

## वर्षमै आठ लाख वैदेशिक रोजगारीमा

काठमाडौं । चालु आर्थिक वर्ष २०७९/८० को असार दोस्रो सातासम्म सात लाख ४० हजारभन्दा बढी युवा वैदेशिक रोजगारीमा गएका छन् । रोजगारीको लागि उनीहरू ७३ देशमा गएको वैदेशिक रोजगार विभागले जनाएको छ। आर्थिक वर्ष २०७९/८० मा १०५ वटा म्यानपावरहरूले दुईदेखि पाँच हजारभन्दा बढी कामदार विभिन्न देश पठाउन सफल भएको विभागले जानकारी दिएको छ । विभागले आर्थिक वर्ष सकिन दुई साता बाँकी हुँदै म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारीमा गएका श्रमिकको तथ्यांक सार्वजनिक गरेको हो । सात लाख ४० हजारभन्दा बढी श्रमिकले रोजगारीका लागि विभिन्न देश जान अन्तिम श्रम

बाँकी ८ पेजमा

## सी विचारधाराको अध्ययन रूसमा पनि

काठमाडौं । रुसले सरकारको लगानीमा चिनियाँ राष्ट्रपति सी जिनपिङको विचारधाराबाट "आधुनिक चीनलाई बुझ्न" का लागि भन्दै अनुसन्धान केन्द्र खोलेको छ। रुसी एकेडेमी अफ साइन्सेजले मस्कोस्थित आफ्नो इन्स्टिच्युट अफ चाइना एन्ड कन्टेम्परेरी एसिया (आईसीसीए) मा चीनको आधुनिक विचारधाराको अनुसन्धान प्रयोगशाला सुरु गरेको हो ।

चिनियाँ समाचार संस्था सिन्ह्वाका अनुसार चिनियाँ नेताको राजनीतिक सिद्धान्तमा देश बाहिर खुलेको यो पहिलो अनुसन्धान केन्द्र हो। आईसीसीएका निर्देशक किरिल बाबेभले अनुसन्धान केन्द्रको उद्देश्य आधुनिक चिनियाँ राज्यको जग बनाउने विचार र अवधारणाहरूको वस्तुनिष्ठ र गहन विश्लेषण गर्ने रहेको बताए ।

बाँकी ८ पेजमा

## प्रचण्ड अभिव्यक्तिले सर्वत्र तरंग

तेजेन्द्र प्रसाईं

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' पटक पटक आफ्नै अभिव्यक्तिका कारण विवादमा पर्ने गरेका छन् । प्रधानमन्त्रीले पुराना व्यवसायी प्रितम सिंहको सम्बन्धमा लेखिएको पुस्तक विमोचन गर्ने कार्यक्रममा अतिथिको आसनबाट सिंहको प्रशंसा गर्दै भनेका थिए– 'उहाँ (प्रितम सिंह) राजनीतिमा पनि रुचि राख्नुहुन्छ। उहाँले एकपटक मलाई प्रधानमन्त्री बनाउन धेरै मेहनत गर्नुभयो। धेरैचोटि दिल्ली पनि जानुभयो । काठमाडौंमा पार्टी र नेताहरूसँग पनि लगातार छलफल गर्नुभयो।' प्रचण्डले दिएको यो अभिव्यक्तिले अहिले संसदभित्र र बाहिरको वातावरण पूरै तातिएको छ। प्रधानमन्त्रीले दिएको अभिव्यक्तिप्रति विपक्षी दलहरू एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतले आपत्ति जनाएका छन् । प्रमुख सत्ता साझेदार कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले समेत



प्रधानमन्त्रीको यो अभिव्यक्ति स्वीकार्य हुने छैन भनेका छन् ।

प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर संसद अवरोध गर्दै एमालेले राजीनामा माग गरेको छ। एमाले सांसद रघुजी पन्तले प्रधानमन्त्रीको अभिव्यक्तिले नेपाली जनताको स्वाभिमानमाथि आघात पुगेको भन्दै प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने बताए। सांसद पन्तले ७० वर्षका मनमोहन अधिकारीले दिल्लीमा टेबुल ठोकेर आएको कुरा प्रचण्डले छोडेर आएर राष्ट्रघात गरेको दाबी उनले गरे। सोही अभिव्यक्तिलाई लिएर प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले संघीय संसद्का दुवै सदनका बैठक अवरुद्ध गरेको छ ।

प्रतिनिधिसभा बैठक सुरु हुनेबित्तिकै एमालेका संसदहरूले प्रधानमन्त्रीको अभिव्यक्तिप्रति आपत्ति जनाएका थिए । त्यसलगत्तै विपक्षी दलहरू एमाले, रास्वपा र राप्रपाका सांसदहरू बेलअघि भेला भएका थिए। सभामुख घिमिरेले भने एमालेका सांसदहरूको विरोधका बाबजुद पनि अन्य सांसदहरूलाई आकस्मिक समयमा बोल्न समय दिनुभएको थियो। विपक्षी दलका सांसदहरूले बैठक अवरोधलाई निरन्तरता दिन थालेपछि सभामुख देवराज घिमिरेले बैठक आधा घण्टाका लागि स्थगित गर्नुभएको थियो ।

यसअघि बसेको प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको संसदीय दलको बैठकले प्रधानमन्त्री प्रचण्डको विवादास्पद अभिव्यक्तिबारे संसदमा जवाफ माग्ने निर्णय गरेको

बाँकी ८ पेजमा

## मिटरब्याजीबारे अध्यादेश निष्क्रिय

काठमाडौं । सरकारले मिटरव्याजपीडितलाई सम्बोधन गर्न ल्याएको अध्यादेश निष्क्रिय भएको छ । अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक ६० दिनभित्र संसदबाट पारित नभएकोले अध्यादेश निष्क्रिय भएको हो । अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिनेजस्तो गम्भीर कार्यलाई फौजदारी कसूर कायम गरी त्यस्तो कार्य गर्ने वा गराउने व्यक्तिलाई सजाय दिन सरकारले अध्यादेश ल्याएको थियो । राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभामा आएको प्रतिस्थापन विधेयक बुधबारसम्म पारित गर्नुपर्ने थियो ।

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा सुनाउनुपर्ने भए पनि राष्ट्रिय सभा बैठक बिहीबारसम्मका लागि स्थगित भएसँगै यो अध्यादेश आजदेखि निष्क्रिय भएको छ ।

बाँकी ८ पेजमा

## खुकुरी, सार्वभौमिकता र नेपाल

समय सन्दर्भ

■ डा. प्रेमसिंह बस्न्यात

खुकुरीलाई रक्षा गर्ने हतियारमा लिइन्छ। त्यसैले नेपालीको राष्ट्रिय हतियार भएको हो। नेपालमा बच्चा जन्मेपछि भूतप्रेतबाट बचाउन बच्चाको सिरानीमुनि राखिन्छ, विवाह-ब्रतवन्धमा कम्मरमा भिरिन्छ, घर-गोठालो भिर-पाखा घर गोठ जता जाँदा पनि यसले आलु काट्नेदेखि ज्यान बचाउनुपर्दा गर्धन नै काट्ने पनि काम गर्छ। अनि घर, परदेश र देशको रक्षाका लागि पनि यसले अमूल्य काम गरिसकेको छ। राई, लिम्बु, गुरुङ, मगर, क्षत्री, धनी गरिब सबैको प्यारो छ ।

नेपालका प्राज्ञ-विज्ञहरूले खुकुरीको बारेमा एक पाना नलेखे तापनि धेरै जना विदेशीले यसको बारेमा हजारौं पाना लेखेका छन् । तर यसमा खिया पर्‍यो भने भुत्ते हुन्छ, काम लाग्दैन । सान लगाइराख्यो भने परेका बेला मलाई, तपाईंलाई र देशलाई समेत बचाउँछ। नेपालीलाई संसारभर वीर भनेर चिनाउने गहना पनि खुकुरी नै हो। घरमा मासु काट्न र किला खाँबो काट्न प्रयोग हुँदै रहे तापनि देशको रक्षा गर्ने काममा भने यसलाई बिर्सिएको धेरै भएको छ। अब नेपालीको घरघरमा सान लगाइएको खुकुरी राख्नु जरुरी छ किनभनेः

सिधै भन्नुपर्दा दक्षिण एसियाको दुःख भनेकै भारत हो। नेपाली हामी वीरका सन्तान हौं तर सरमका साथ हामीले विदेशी दासत्व स्वीकारेका छौं ।

१) नेपाल भन्ने देश अब नक्सामा मात्र देखिने र भित्तामा झुण्डिने भइसकेको छ। यो देशको राजनीति, सुरक्षा नीति र परराष्ट्र नीति भारतीय झण्डाभत्र गुट्मुटिँदै छ। यहाँको साधनस्रोत उसैको पकडमा जाँदैछ। उतैतिरबाट महिनावारी बुझ्ने केही विज्ञ, प्राज्ञ, मन्त्री, सांसद, नेता, अभिनेता, कर्मचारीहरूकै मिलेमतोमा भारतमय नेपाल बनाइँदैछ। सबैभन्दा ठूलो काम अहिलेको पुष्पकमल दाहाल नेतृत्वको सरकार (नेपाली कांग्रेससमेत)ले गर्दैछ। त्यो हो- नेपालको नागरिकता पाएको कुनै पनि नागरिक १० वर्षपछि नेपालको राष्ट्रपति, प्रधान मन्त्री, प्रधान सेनापति, प्रधान न्यायाधीशलगायत



सबै पदमा पुग्न पाउनेछन् । घुमाउरों पारामा भारतीयलाई नेपाल सुम्पने खेल हो यो। सक्ने भए यी नेता भनाउदाले नेपाललाई सिधै भेटी चढाउँथे भारतीय प्रभुको चरणमा। लाज जोगाउन मात्र यिनीहरू विभिन्न घुमाउरा बहाना बनाउँदैछन् ।

किनकि हामीले लाज र डर नमानी सिधै भन्नुपर्छ- नेपाली कांग्रेसको जन्मथलो र पालनपोषण पनि उतैबाट भएको थियो भने तत्कालीन माओवादी पार्टीलाई भरणपोषण र पेन्सन पनि उतैबाट भएकै हो। साउथ ब्लक, रअ र एसडी मुनीवादको टाङमुनि छिरेको यो पार्टीले भारतीय झण्डालाई नेपाली राष्ट्रिय झण्डा, हिन्दीलाई नेपाली राष्ट्रिय भाषा र दौरा-सुरुवाल-कोटको सट्टा भारतीय पोशाकलाई नेपाली राष्ट्रिय पोशाक बनाए भने आश्चर्य हुने छैन। अनि उताबाट भनेको नमान्ने हो भने यो पार्टीका अरबपतिहरूलाई उतैबाट कि 'अकुत सम्पत्ति र भ्रष्टाचार' कि त 'मानव अधिकार हनन गरेको भनी हेग' देखाएर थर्काइनेछ। उखान नै छ- 'सित्तैमा गाई दान दिने मालिकलाई जाबो गोबर किन नदिने ?' अहिले नेपाल भन्ने देश 'जाबो गोबर' बनेको छ। अनि भारतीय प्रभुलाई नजराना चढाइँदैछ।

२) सबैभन्दा संगीन कुरो नेपालमा रहेका ८०

बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

**आजीवन सल्लाहकार**

डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री उद्धव पौडेल, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, श्री ऋषिकेश पन्त, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# राजस्व संकलनमा सरकार कमजोर

काठमाडौं । सरकार चालू आर्थिक वर्षमा लक्ष्यअनुरूप ७० प्रतिशत राजस्व उठाउन असफल हुने भएको छ । चालू आवको कर उठाउने समय १२ दिन मात्र बाँकी हुँदा लक्ष्यको ६१ प्रतिशत मात्र राजस्व उठेकाले असफल हुने देखिएको हो । चालू आवमा राजस्व संकलनको लक्ष्य १४ खर्ब ३ अर्ब १४ करोड राखिएकामा १८ असारसम्म ८ खर्ब ६५ अर्ब ६८ करोड २९ लाख मात्र उठाउन सरकार सफल भएको छ । चालू आवको लक्ष्यअनुसार राजस्व संकलन गर्न अब बाँकी अवधिमा साढे ५ खर्ब अर्थात् दिनको ५० अर्ब उठाउनुपर्ने हुन्छ । सरकारले गत वर्ष आयातमा कडाइ गरेकाले र कसिलो मौद्रिक नीति अपनाइएकाले अपेक्षित राजस्व उठ्न नसकेको बताइन्छ । चालू आवमा आयात र निर्यात दुवै घटेकाले र बजारमा मन्दी छाएकाले राजस्व नउठेको भनाइ विज्ञहरूको छ ।

भन्सारतर्फ राजस्व असुली लक्ष्य ६ खर्ब ९ अर्ब ५४ करोड लक्ष्य रहेकामा जेठ मसान्तसम्ममा ३ खर्ब ४८ अर्ब १८ करोड मात्र राजस्व उठेको तथ्यांक रहेको छ । आन्तरिक राजस्व विभागतर्फ ५ खर्ब २४ अर्ब ३४ करोडको राजस्व संकलन लक्ष्य निर्धारण गरिएकामा सो अवधिसम्म ४ खर्ब १० अर्ब ८२ करोड मात्र उठेको छ । अर्थ मन्त्रालयका अनुसार कर राजस्वबाट १२ खर्ब ९५ अर्बको लक्ष्य राखेकामा हालसम्ममा ७ खर्ब ८५ अर्ब अर्थात् लक्ष्यको ६० प्रतिशत मात्र उठेको छ । यसैगरी, गैरकर संकलनतर्फ भने ७९ अर्ब ८२ करोड राजस्व संकलन भएको छ ।

सरकारले वैदेशिक अनुदान ५५ अर्ब ४५ करोड ल्याउने लक्ष्य राखेकामा हालसम्ममा ८ प्रतिशत मात्र ल्याउन सकेको छ । सरकारले हालसम्ममा ४ अर्ब ८० करोड मात्र अनुदान प्राप्त गरेको छ । आर्थिक वर्षको अन्त्यमा हुने भुक्तानीको दरले पनि विकराल रूप लिएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअघि पनि वर्ष समाप्त हुनुअगावै २५ असारमा खाता बन्द गर्नुपर्ने व्यवस्था थियो । सरकारले तीन दिनमा मात्रै ३३ अर्ब रूपैयाँबराबरको भुक्तानी दिएको छ । असार नलागेसम्म काम पनि नगर्ने र भुक्तानी पनि नदिने बानी परिसकेको सरकारी कर्मचारी संयन्त्रले आवको अन्त्यमा पुगेपछि हरेक वर्षजसो भुक्तानीमा बार्गेनिङ गर्दै यसरी नै भुक्तानी दिने गरेको छ ।

महालेखा नियन्त्रक कार्यालयले २१ असारसम्म मात्रै भुक्तानी हुने र त्यहीअनुसार गर्न कोष तथा लेखा नियन्त्रक र प्रदेश लेखा नियन्त्रकलाई निर्देशनसमेत दिइसकेपछि भुक्तानीको चाप बढाइएको हो । सोही निर्देशनअनुसार यसअघि काम भएर पनि भुक्तानी रोकिएका विभिन्न परियोजनाको रकम बोलाइबोलाइ भटाभट एकैपटक ठूलो रकम भुक्तानी भएको हो । चालू आवको साउनदेखि गत सोमबारसम्मको तथ्यांकअनुसार १२ अर्ब ६३ करोड १७ लाख ८६ हजार रूपैयाँबराबरको खर्च भएको छ ।

सरकारले चालू आर्थिक वर्षमा पुँजीगत खर्च लक्ष्यको ४४ दशमलव ८२ प्रतिशत मात्र गरेको छ । चालू आव सकिन १२ दिन मात्रै बाँकी रहँदा पुँजीगततर्फ १ खर्ब ६६ अर्ब ७० करोड रूपैयाँ मात्र खर्च गरेको हो । सरकारले चालू आवमा पुँजीगत खर्चका लागि ३ खर्ब ८० अर्ब ३८ करोड रूपैयाँ बजेट छुट्याएको थियो । सरकारले पुँजीगत खर्चको लक्ष्य पूरा गर्न अब १२ दिनमा २ खर्ब खर्च गर्नुपर्नेछ । सरकारले चालू खर्चतर्फ भने लक्ष्यको ७९ प्रतिशत खर्च गरेको छ । चालूतर्फ ११ खर्ब ८३ अर्ब रूपैयाँ खर्च गर्ने लक्ष्य लिएकामा सरकारले हालसम्म ९ खर्ब ३५ अर्ब्ब रूपैयाँ खर्च गरिसकेको छ । चालू आवको १२ दिन बाँकी हुँदा सरकारको चालू खर्च लक्ष्य पूरा गर्न २ खर्ब ४८ अर्ब रूपैयाँ खर्च गर्नुपर्ने हुन्छ । महालेखा नियन्त्रकको तथ्यांकअनुसार सरकारले ७० प्रतिशत कुल खर्च सकिसकेको छ । १७ खर्ब ९३ अर्ब खर्चको लक्ष्यमा १२ खर्ब ६३ अर्ब खर्च भएको महालेखा नियन्त्रकको तथ्यांक रहेको छ ।

# विशाल नेपाल : अन्तर्राष्ट्रिय र क्षेत्रीय राजनीतिक कसीमा



**सुरेन्द्र ढकाल**

औपनिवेशिक कालमा भारत बेलायतद्वारा पूर्ण रुपमा र चीन जापानलगायत अन्य औपनिवेशिक शक्तिद्वारा आशिंक रुपमा साशित थियो । दोस्रो विश्वयुद्धपश्चात यी दुबै राष्ट्र भारत र चीन औपनिवेशिक शासनबाट मुक्त भए । चीनको भूभाग ताइवान र चीन गरी दुई राष्ट्रमा र भारतीय भूभाग भारत र पाकिस्तान गरी दुई राष्ट्रमा विभाजित भए तापनि एक चीन नीति विश्वले मानेको अवस्थामा ताइवानलाई स्वतन्त्र राष्ट्र मानिएको छैन, सोही कारण ताइवानको संयुक्त राष्ट्र संघको सदस्यता खारेज गरी सोको स्थानमा जनगणतन्त्र चीनलाई सदस्यता दिइएको हो । तथापि दुई राष्ट्रमा गरी भएको भारत र चीनको विखण्डनकै कारण अन्तर्राष्ट्रिय महाशक्ति जस्तो अमेरिकाले खेल्ने ठाउँ पाएको छ ।

चीन विरुद्ध भारत र ताइवानलाई उचाल्ने काम गरेकै कारण दक्षिण तथा पूर्वी एसियामा स्थायी शान्ति कायम हुन सकेको छैन । उदाहरणहरू जस्तो सन १९६२ को चीन भारत युद्ध, तत्पश्चात भएको भारत पाकिस्तान युद्ध, पाकिस्तानको विखण्डन अनि स्वतन्त्र बंगलादेशको अभ्यूदय, सिक्किमको भारतमा विलय आदि जस्ता घटनाको कारण उब्जेको बैमनस्यताको आलो घाउ अझ पनि निको हुन नसक्दा दक्षिण एसियाकै कारण कतै विश्वयुद्ध भट्किने त होइन भन्ने शंका दिन परदिन बढ्दै गइरहेको छ । भारत चीन सीमा विवाद कहिले नसुल्झिने विवाद हो । अनि दक्षिण एसियामा भारतको दादागिरीको पनि कुनै अन्त्य हुने छाँट देखिँदैन बरु ठीक त्यसको उल्टो बढ्दै गएको भारतको शक्ति दक्षिण एसिया र विश्वकै शक्ति सन्तुलन र शान्तिकै लागि खतरनाक बन्दै गइरहेको छ ।

भारतको दादागिरीको कारण सार्क कोमामा पुगेको छ । पछिल्लो अवस्थामा भारतले जारी गरेको यसको राजनीतिक नक्सा र भारतीय संसदको भित्तामा टाँसिएको अखण्ड भारतको नक्साले दक्षिण एसिया र पुरै विश्वमा खैलाबैला मच्चाएको छ । भारतले जारी गरेको नयाँ राजनीतिक नक्साकै कारण नेपाल पनि चुच्चे नक्सा निकाल्न बाध्य भयो भने अखण्ड नक्साको कारण विशाल नेपाल नक्साले विश्वलाई नै हल्लायो । अब यसको निकाशा नखोजुञ्जेल दक्षिण एसिया र विश्वमा शान्ति कायम हुने छाँट छैन ।

हिजो ७० को दशकमा सोभियत संघसँग सैनिक सम्झौता गरी त्यसैको बलमा पाकिस्तान विखण्डन गर्ने, सिक्किम खाने भारत अहिले आएर अमेरिकासँग आइपिएस (Indo-Pasific Strategy) मा जोडिएर अमेरिकी सैन्य सहयोगको कारण चीनजत्तिकै आणविक शक्ति बन्न पुगेको छ र यही कारण उसको साहस बढ्न गई धमाधम नयाँ नक्सा जारी गर्दै छिमेकीहरूलाई तर्साउने कुटनीति मात्रै अख्तियार नगरी आफ्ना एजेन्टमार्फत छिमेकी देशको सूक्ष्म व्यवस्थापन (Micro Management) गर्न समेत भारत सफल भइरहेको छ । अब भारतलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय रुपमै साइजमा ल्याउनु जरुरी छ र त्यो भनेको विशाल नेपालको स्थापना हो ।

**विशाल नेपाल कसरी निकाश हुन सक्छ ?**

१) विशाल नेपाल बन्नेबित्तिकै यसको सीमाले पूर्वमा बंगलादेश र पश्चिममा पाकिस्तान छुन्छ, विशाल नेपाल Buffer Zone बन्छ र त्यसको कारण भारत र चीनबीच कहीँ पनि सीमा जोडिँदैन । सीमा नै नजोडिएपछि सीमा विवाद हुने कुरै भएन ।

२) विशाल नेपाल बनी चिकेन नेक छिन्न पुगी नेपालको सीमाना पूर्वमा बंगलादेश जोडिएपछि भारतको अरुणांचल प्रदेशसँगको भौगोलिक सम्बन्ध टुट्छ र त्यहाँको six sisters याने आसाम, मेघालय, त्रिपुरा, मिजोरम, नागालैण्ड र मणीपुर ६ वटा स्वतन्त्र राज्य बन्छन् र ठूलो भएको कारण भारतले देखाउने दादागिरी स्वत अन्त्य हुन्छ । भारतमा विखण्डनको लहर चलेपछि कास्मिर र खालिस्तान पनि स्वतन्त्र राष्ट्र बन्न सक्छन् ।










३) विशाल नेपाल बनेको कारण फेरिएको दक्षिण एसियाको नक्सा र त्यसबाट सिर्जित नयाँ शक्ति सन्तुलनको कारण कोही देश कोहीसँग डराउने स्थिति नरही क्षेत्रीय सहयोगको भावना व्यावहारिक रुपमै सतहमा आइ सार्कले सार्थकता पाउँछ अनि युरोपेली मोडेलमा सार्कलाई एकल मुद्रा भएको, भन्साररहित दक्षिण एसियाली संघ बनाउन सकिन्छ जसले दक्षिण एसियाको समृद्धिको ढोका खोली यो क्षेत्र विश्वकै धनी क्षेत्र बन्न सक्छ ।

तसर्थ विशाल नेपाल बन्नु भनेको दक्षिण एसियालाई तनावरहित बनाउँदै यस क्षेत्रको दिगो विकासको ढोका खोल्नु हो भने चीनसहितको सार्कले यस क्षेत्रको सुरक्षामा आत्मनिर्भरता समेतको ढोका खोली अमेरिकी साम्राज्यवादको कारण हुन सक्ने विश्वयुद्धको खतरा टर्छ र यो क्षेत्र अमेरिकी प्रभावबाट मुक्त हुन पुगी विश्व शान्तिमा समेत ठूलो योगदान पुग्ने छ ।

# जनयुद्धमा जानुअघि माओवादीका ४० सूत्रीय माग

**संयुक्त जनमोर्चा, नेपालको केन्द्रीय समितिको तर्फबाट डा बाबुराम भट्टराईले सरकारलाई ४० बुँदे मागपत्र बुझाएको थियो । माग पूरा नभएपछि २०५२ मा फागुन १ बाट जनयुद्ध सुरू भएको थियो । भारतकै सहयोगमा जनयुद्ध गरी १७ हजार नागरिक मारेर सत्तामा आएपछि यी भारतीयहरूका तलुवा चाट्ने कुत्ताहरू नेपालमा भारत कर्म्फट सरकार हुनुपर्छ भनेर भारतसामू लम्पसार परिरहेका छन र अब हुने राष्ट्रवादी जनआन्दोलनले माओवादी नेतादेखि कार्यकर्तासम्मलाई जनहत्याको आरोपमा जनकारवाही गर्नुपर्दछ । भारत भ्रमणको अवसरमा हत्याराका नाइके प्रचण्डले इपिजिको प्रतिवेदनको कुरा उठाउँदा वातावरण बिग्रने बताएर राष्ट्रवादी नेपाली जनतालाई भेडा बनाएका छन । यसको बदला लिने कि नलिने ? पढौं, नेपाली जनतालाई मूर्ख बनाउँदै र आफूहरूलाई अब्बल राष्ट्रवादीको रूपमा प्रस्तुत गर्दै यिनीहरूले ४० बुँदामा उठाएका मुद्दाहरू के के थिए ? बारम्बार सत्तामा आएर यी माओवादी भनाउँदा देशद्रोहीहरूले कुन चाहिँ आफनो माग पूरा गरे त ?**

१. सन् १९५० को नेपाल-भारत सन्धि लगायतका सम्पूर्ण असमान सन्धि, सम्झौताहरू खारेज गरिनुपर्छ ।
२. राष्ट्रघाती टनकपुर सम्झौतालाई ढाकछोप गर्न र नेपालको सम्पूर्ण जलसम्पदामाथि भारतीय विस्तारवादलाई एकाधिकार सुम्पन २०५२ माघ १५ गते नेपाल र भारत सरकारबीच सम्पन्न कथित एकीकृत महाकाली सन्धि अझै बढी राष्ट्रघाती र दीर्घकालीन दृष्टिकोणले बढी खतरनाक भएकोले उक्त सन्धि तत्काल खारेज गरिनुपर्छ ।
३. नेपाल भारत खुल्ला सिमाना नियन्त्रित र व्यवस्थित गरिनुपर्छ । नेपालभित्र भारतीय नम्बर प्लेटका गाडीहरू चलाउन तत्काल रोक लगाउनुपर्छ ।
४. गोरखा भर्ती केन्द्र रद्द गरिनुपर्छ र नेपालीहरूलाई स्वदेशभित्रै सम्मानजनक रोजगारीको व्यवस्था गरिनुपर्छ ।
५. नेपालभित्र विविध क्षेत्रमा कामको निम्ति स्वदेशी कामदारहरूलाई नै प्रश्रय दिइनुपर्छ र विशेष अवस्थामा विदेशी कामदारहरूलाई काममा लगाउनुपर्दा 'वर्क परमीट' प्रथा लागू गरिनुपर्छ ।
६. नेपालको उद्योगधन्दा, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरिनुपर्छ ।
७. आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास हुने गरी भन्सार नीति तय र लागू गरिनुपर्छ ।
८. साम्राज्यवादी तथा विस्तारवादी सांस्कृतिक प्रदूषण र अतिक्रमणको अन्त्य गरिनुपर्छ । देशभित्र छाडा हिन्दी सिनेमा, भिडिओ र पत्रपत्रिकाहरूको आयात र वितरणमा तुरुन्त रोक लगाइनुपर्छ ।
९. एन.जी.ओ./आई.एन.जी.ओ. आदिको नाउँमा देशभित्र साम्राज्यवादी/ विस्तारवादी घूसपैठको अन्त्य गरिनुपर्छ ।
१०. जनगणतन्त्रात्मक व्यवस्था स्थापनाको निम्ति चुनिएका जनताका प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनुपर्छ ।
११. राजा र राजपरिवारका सबै विशेषाधिकार अन्त्य गरिनुपर्छ ।
१२. सेना, प्रहरी, प्रशासन पूर्ण रूपले जनताको नियन्त्रणमा हुनुपर्छ ।
१३. सुरक्षा ऐन लगायतका सबै दमनकारी ऐनहरू खारेज गरिनुपर्छ ।
१४. राजनीतिक प्रतिशोधका कारणले झुट्टा मुद्दामा फसाइएका रुकुम, रोल्पा, जाजरकोट, गोरखा, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धनुषा, रामेछाप लगायतका जिल्लाहरूका सम्पूर्ण बन्दीहरू तत्काल रिहा गरिनुपर्छ र सबै झुट्टा मुद्दाहरू खारेज गरिनुपर्छ ।
१५. जिल्ला जिल्लामा भइरहेको सशस्त्र प्रहरी अप्रेसन, दमन र राज्य आतंक तुरुन्त बन्द गरिनुपर्छ ।
१६. विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता पारिएका दिलीप चौधरी, भुवन थापा मगर, प्रभाकर सुवेदीलगायतका व्यक्तिहरूको बारेमा निष्पक्ष छानबिन गरी अपराधीहरूलाई कडा कारबाही गरिनुपर्छ र पीडित परिवारलाई उचित क्षतिपूर्ति प्रधान गरिनुपर्छ ।
१७. जन-आन्दोलनको क्रममा मारिएकाहरूलाई सहिद घोषणा गरिनुपर्छ, सहिदका परिवार तथा घाइते र अपाङ्गहरूलाई उचित क्षतिपूर्ति दिइनुपर्छ र हत्याराहरूमाथि कडा कारबाही गरिनुपर्छ ।
१८. नेपाललाई धर्म-निरपेक्ष राज्य घोषित गरिनुपर्छ ।
१९. महिलामाथिको पितृसत्तात्मक शोषणको अन्त्य गरिनुपर्छ । छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनुपर्छ ।
२०. सबै खाले जातीय शोषण र उत्पीडनको अन्त्य गरिनुपर्छ । जनजातिहरूको बाहुल्य भएका क्षेत्रहरूमा जातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्छ ।
२१. दलितहरूमाथि भेदभाव अन्त्य गरिनुपर्छ । छुवाछूत प्रथा पूर्ण रूपले बन्द गरिनुपर्छ ।
२२. सबै भाषा-भाषीहरूलाई समान अवसर र सुविधा दिइनुपर्छ । उच्च माध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्छ ।
२३. वाक तथा प्रकाशन स्वतन्त्रताको पूर्ण ग्यारेन्टी हुनुपर्छ । सरकारी सञ्चार माध्यमहरू पूर्ण रूपले स्वायत्त हुनुपर्छ ।
२४. बुद्धिजीवी, साहित्यकार, कलाकार र सांस्कृतिक कर्मीहरूको प्राज्ञिक स्वतन्त्रताको ग्यारेन्टी गरिनुपर्छ ।
२५. पहाड र तराईको क्षेत्रीय भेदभावको अन्त्य गरिनुपर्छ । पिछडिएका इलाकाहरूलाई क्षेत्रीय स्वायत्तता प्रदान गरिनुपर्छ । गाउँ र सहरबीच सन्तुलन कायम गरिनुपर्छ ।
२६. स्थानीय निकायहरूलाई अधिकार र साधन सम्पन्न बनाइनुपर्छ ।
२७. जमिन जोत्नेको हुनुपर्छ । सामन्तहरूको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीहरूमा वितरण गरिनुपर्छ ।
२८. दलाल तथा नोकरशाही पुँजीपतिहरूको सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिनुपर्छ । अनुत्पादक क्षेत्रमा अल्झिएको पुँजीलाई औद्योगिकीकरणमा लगाउनुपर्छ ।
२९. सबैलाई रोजगारीको ग्यारेन्टी गरिनुपर्छ । रोजगारी नपाउन्जेल बेरोजगार भत्ताको व्यवस्था गरिनुपर्छ ।
३०. उद्योग, कृषिलगायतका सबै क्षेत्रमा काम गर्ने मजदुरहरूको न्यूनतम ज्याला निर्धारण गरी त्यसलाई कडाइका साथ लागू गर्ने व्यवस्था गरिनुपर्छ ।
३१. सुकुम्वासीहरूलाई बसोबासको उचित व्यवस्था गरिनुपर्छ । वैकल्पिक बसोबासको व्यवस्था नगरी सुकुम्बासीहरूलाई उठीबास गर्ने काम तुरुन्त बन्द गरिनुपर्छ ।
३२. गरीब किसानहरूलाई पूर्ण रूपले ऋण मुक्त गरिनुपर्छ । कृषि विकास बैंकबाट साना किसानहरूले लिएको ऋण मिनाहा गरिनुपर्छ । साना उद्योगीहरूलाई समुचित कर्जाको व्यवस्था गरिनुपर्छ ।
३३. मल, बीउ सस्तो र सुलभ हुनुपर्छ । किसानहरूलाई उत्पादनको उचित मूल्य र बजारको व्यवस्था गरिनुपर्छ ।
३४. बाढी पीडित र सुख्खाग्रस्त क्षेत्रहरूमा उचित राहतको व्यवस्था गरिनुपर्छ ।
३५. सबैलाई निःशुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनुपर्छ । शिक्षा क्षेत्रमा व्याप्त व्यापारीकरणको अन्त्य गरिनुपर्छ ।
३६. महँगी नियन्त्रण गरिनुपर्छ । महँगीको अनुपातमा ज्याला वृद्धि गरिनुपर्छ र दैनिक उपभोगका वस्तुहरू सस्तो र सुलभ तरिकाले आपूर्ति गर्ने व्यवस्था गरिनुपर्छ ।
३७. गाउँगाउँमा खानेपानी, बाटोघाटो र बिजुलीको व्यवस्था गरिनुपर्छ ।
३८. कुटीर तथा साना उद्योगहरूलाई विशेष सहुलियत र संरक्षण दिइनुपर्छ ।
३९. भ्रष्टाचार, कालोबजारी, तस्करी, घूसखोरी, कमिसनतन्त्र अन्त्य गरिनुपर्छ ।
४०. अनाथ, अपाङ्ग, वृद्ध र बालबालिकाहरूको उचित संरक्षणको व्यवस्था गरिनुपर्छ ।

नेपाली राष्ट्र र जनताको जीवनसाग अत्यावश्यक रूपले जोडिएका उपरोक्त मागहरू यथाशीघ्र पूरा गर्नेतर्फ पहल गरियोस् भन्ने वर्तमान गठबन्धन सरकारसमक्ष हाम्रो हार्दिक आग्रह छ । आगामी २०५२ फागुन ५ गते सम्म सरकारको तर्फबाट यसबारे कुनै सकारात्मक पहल नभएमा हामी विद्यमान राज्यसत्ताको विरोधमा सशक्त संघर्षको बाटोमा उत्रन बाध्य हुनुपर्ने जानकारी पनि गराउन चाहन्छौं ।

**डा. बाबुराम भट्टराई (अध्यक्ष)**
केन्द्रीय समिति, संयुक्त जनमोर्चा ।

# बानेश्वर फुटबल क्लब तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य




**स्थापना**

कामपा वडा नं १० थापागाउँ, बानेश्वर क्षेत्रमा २०७६ सालमा यस फुटबल क्लवको स्थापना भएको हो। जिल्ला कार्यालयमा दर्ता नम्बर ७९६ कायम भई बैधानिक रुपमा यस क्लबले कार्य गर्दै आएको छ। स्थापनाकालदेखि नै यसको अध्यक्षमा भक्तशंकर श्रेष्ठ, उपाध्यक्षमा अनिल थापा, सचिवमा दीपक थापा, सहसचिवमा विकास खरेल, कोषाध्यक्षमा सुमन शर्मा र कार्यकारी सदस्यहरूमा अशोक कार्की, केशवविक्रम कार्की, अशोक के.सी, राजन श्रेष्ठ, हरिहर थापा, रमेश बस्नेत र ऋषभ भट्टराई रहनुभएको छ।

**क्लबको क्रियाकलापहरू**

यस क्लबले थापागाउँस्थित फुटसलमा नियमित फुटबल खेल्ने प्रबन्ध मिलाएको छ। हप्ताको ६ दिन ४० वर्षमाथि र ४० वर्षमुनिको गरी दुई समूहहरू फुटबल अभ्यास गर्दछन। स्थापनाकालदेखि नै यस क्लबले विभिन्न फुटबल प्रतियोगितामा भाग लिई बानेश्वरको नाम उँचो राख्ने काम गर्दै आएको छ। फुटबल खेल्नु र खेलाउनु यस क्लबको मुख्य उद्देश्य भए तापनि यो क्लब टोल सुधारको काममा पनि दत्तचित्त भएर लागि परेको छ।

**सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य**

क्लबले आ.व. ०७९।८० देखि नै सामाजिक क्षेत्रमा कार्यरत सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य सुरु गरेको छ। सोअनुरुप त्यस प्रतिष्ठानले यस क्लबलाई रु २५ हजार बराबरीको खेलकुद सामग्री उपलब्ध गराएको थियो। साथै उक्त प्रतिष्ठानसँग स्थायी रुपमा आवद्ध भई आगामी वर्षहरूमा पनि त्यस्तै सहयोगको अपेक्षा गरिएको छ। प्रतिष्ठानसँगको आबद्धता र सहकार्यको कारण क्लबका क्रियाकलाप सहज हुने आशा गरिएको छ। त्यसका लागि क्लब प्रतिष्ठानप्रति कृतज्ञता ज्ञापन गर्दछ।





## हेल्लो प्रजातन्त्रज्यू सञ्चै ?

हेल्लो प्रजातन्त्रज्यू, सञ्चै ?
तिम्रो तन्त्रको मन्त्र त बुझ्‍‍ी नसक्नु छ
प्रजा झन झन दुब्लाउदै जाने
नेता भए जति मोटाउदै जाने
नेतालाई रुघा लाग्यो भने
देश बिदेश गएर सरकारी खर्चमा उपचार गर्ने
जनतालाई भोक लाग्यो भने खाडी पुगेर मर्नु पर्ने
प्रजातन्त्र भने पछि त प्रजाको हुनु पर्ने
तिमी त कहिले यो नेताको भयौ
कहिले त्यो नेताको भयौ
जनताको भन्दा पनि खै कसको भयौ भयौ।
एउटा राजालाई फालेर दशौटा राजा बनायौ
प्रजातन्त्र दिवस पनि
प्रजासँग भन्दा बिदेशी सित मात्र मनायौ
भन्ने बेला प्रजाकै लागि हुँ भन्यौ
तर बन्ने बेला पार्टिहरूको बन्यौ
नेता र कार्यकतालाई करोडपती बनायौ
जनतालाई कङ्गालपती बनायौ
खै यत्रो यो दिवस कसको लागी मनायौ
तिम्रो माइलो भाई लोकतन्त्रले पनि त्यसै भन्यो
त्यो पनि नेताको लागि मात्र बन्यो
अर्को कान्छो भाई गन्त्रतन्त्रको के कुरा गर्नु
त्यो अल्लारेको झन के भरोशामा पर्नु
जो धनि छ उ कौशी तरकारी फलाउछ
जो गरिव छ त्यो माथि
तिम्रो कान्छो भाई गणतन्त्र डोज्जर चलाऊछ
जनतालाई बाँच्न झन धौ धौ भा छ
कसैको लागि प्रजातन्त्र फलिफाफ नै भा छ
भन त प्रजातन्त्र, प्रजाको प्रजातन्त्र कहिले आउछ ?
के त्यो प्रजातन्त्र जनताले साच्चै भोग्न पाउछ ?



● प्रेम ओली
(ढकलपुरे)

निबन्ध

# मैले सोचे जस्तो हुने भए

**गोपाल पुजारा**

भनिन्छ, "मेनि एनिमल्स इन द वर्ल्ड, सम आर मोर ईक्वाईल देन अदर्स" मान्छे सजीव मध्येको एक प्राणी जो अरु प्राणीभन्दा फरक किसिमले बाँचेको हुन्छ। यो जगतमा जहाँ हरेक जीवहरू बाँचिरहेका हुन्छन्। उसलाई जन्माउने आमाको कोखबाट सुरु भएको सिकाई प्रकृया मृत्यु परेन्तसम्म चलिरहन्छ। यो बीचमा मनोविज्ञानका विभिन्न अवस्था पार गर्नु पर्ने हुन्छ। बाल्यकाल देखिको उसको अनुभव बुढेसकालसम्म कहानी बनिसक्छ। अनि त्यही कहानीलाई आफ्ना सन्तानहरूलाई तथा छिमेकीका सन्तानहरूलाई साँझ पख हुक्कामा तमाखु तान्दै सुनाइरहेको हुन्छ। भनिन्छ नि "आनेवाला कल एक सपना हे, गुजराहुवा कल बस् अपना हे"

नभनौँ भन्दा पनि बितेको समय उसका लागि टाइमपास गर्ने माध्यम बन्छ बुढोभएपछि। त्यही मानव समुदायको एक बुढो पहाडी बस्ती, छरपुष्टिएका घरहरूको समूहको सदस्य घरमा जन्म लिन्छ। अरु गाउँका केटाकेटी जस्तै वालापन बित्छ, गाई बस्तुसँग। छुट्टिमा गोठालो जानु, असोजको लहलह झुलेका धानका बालासँग खेल्नु वा त्यसबाट निस्कने मिठो संगीतसँग रमाउनु, असारे गीतसँग धान रोपाई गर्नु, उसको दौत्तरीसँग माटोका खेलौना बनाई रमाउनु, उसको बालापनका क्रियाकलापहरू हुन्। समयको बेग आफ्नै गतिमा चलिरहन्छ। त्यसै किसिमले भगवानले दिएको यो जीवन पनि समयसँगै बालक यूवा हुदै बुढेसकालसम्म पुग्छ। अब ऊ त्यही प्रकृया अनुसार यूवा अवस्थामा पुग्छ। उसको मनमा सोच आउँछन् मैले पढ्नुपर्छ ठुलो मान्छे बन्नुपर्छ, विवाह गर्नु पर्छ, नेता बन्नुपर्छ, रङ्गकर्मी बन्नुपर्छ, यस्तै यस्तै। एउटा गीतका शब्दमा भनेजस्तै " जीवन सोचे जस्तो हुन्न चाहे जस्तो हुन्न"। तर संघर्षका पाईलाहरू बढाईराख्ने उसको चाहना छ। गाउँले जीवनको स्वादमा हुर्किएको, न उसलेगाडी चढेको अनुभव छ, न उसलाई टेलिभिजन भन्ने थाहा छ। गोठालो जाँदा छुट्टीको समयमा केबल रेडियो उसको साथी बनेको हुन्छ। अब उसले प्रवेशिका परीक्षा पास गर्छ। घरको सल्लाह बमोजिम अब पढ्न भनेर सहर पठाउने निर्णय हुन्छ। गाउँको सोझो अब ऊ सहरको कल्पना गर्छ। गाडीहरू कस्ता होलान् ? मान्छे के फरक होलान् ? के काम गर्छन् होलान् ? यस्तै यस्तै।

यस्तै २०५०/०५२तिर पढ्न भनेर उसलाई काठमाण्डौ पठाइन्छ। जुन सहरलाई बुढापाखाहरूले नेपाल भन्ने गर्थ्ये। दुई दिनको पैदल यात्रा पछि गाडीघाटमा पुग्दा गाडी देखेर अचम्मित हुन्छ। साथै उसलाई डर पनि लाग्छ। बाटोभरि झ्याल बाहिरको आनन्दसँग रमाउने चाहना त होइन उसको तर पहिलो यात्रा भएकोले बान्ता गर्ने समस्याले सताउँछ। बल्ल एक डेढ दिनको लामो बसको यात्रापछि गन्तव्यमा पुग्छ काठमाण्डौं। उसले कल्पना गरेकोभन्दा फरक पाउँछ सहरका मान्छेको क्रियाकलाप, भौतिक संरचना प्रकृति र अन्य मानवबाट निर्मित बस्तुहरू। बुवाले भनेका थिए उसलाई "पढेर ठुलो मान्छे बन्नुपर्छ, बुवाआमाको ईज्जत राख्नुपर्छ, चोरी डकैती, झैझगडा जस्ता बदनाम हुने काम कहिल्यै गर्नु हुदैन" भनेर। ठ्याक्क त्यहीबेला देशमा द्धन्दले जरा गाडेको हुन्छ। दिनदिनै बन्द हड्ताल मारपिटले गर्दा उसको मानसपटलमा फरक सोच पैदा हुन्छ। अब त रेडियोको साटो उसले मान्छेलाई टेलिभिजनमा देख्छ र सुन्छ, समुद्र भित्र माछासँग मान्छे रमाएको देख्छ, आकासमा चरा जस्तै ठुलाठुला जाहाज मान्छे बोकेर उडेको देख्छ, विदेशमा नेता सहित उनीहरूको भाषण सुन्छ भने एकातिर विदेशमा पनि अशान्ति झै-झगडा सयौँको संख्यामा मान्छे मरेको देख्छ। लाग्छ, यो संसार पनि यस्तै अनि गीतका शब्द सम्झन्छ-"त्यस्तै त्यस्तै छ नरोऊ निरमाया संसार यस्तै छ"।

विश्वका अरु देश यस देश भित्रका क्रियाशील सदस्यहरू देख्छ। चाहे खेलजगत होस्, चाहे राजनीतिक होस्, चाहे विज्ञान चाहे त्यो प्रकृति नै किन नहोस्। द्धन्दसँगै आफ्नो पढाईलाई निरन्तर दिन्छ। समय न हो मिहनेत गरेपछि सफल भईदो रहेछ भन्ने कुरा पास गरेर प्रमाणित गर्छ। द्धन्दको उग्ररुप देश प्रतिको चिन्ता एकातिर छ भने आफ्नो खुट्टामा उभिई जागिर खाएर विवाह गरेर नयाँ संसारमा आमाबुवाको सेवा गर्ने धोको अर्कातिर छ। यूवा भएर शिक्षाका हिसावले जागिर खोज्न विभिन्न कार्यालय धाउँछ। तर ऊ असफल यात्री झै डेरा फर्कन्छ। त्यो निर्दयी सहरमा आफूलाई एक्लो सम्झन्छ। ठुलावडाको नातेदार नभएकोले जागिर पाउन असफल भएको उसलाई भान हुन्छ। यूवा थियो, दही र दुधसँग खाना खाएको हष्टपुष्ट शरिर हेर्दा सेकेण्ड लफ्टनेन्टभन्दा कम थिएन। देशले कस्तो खोज्दो रहेछ त ? आफै अनुत्तोरित हुन्छ।

स्पेनले ओलम्पिकमा यति स्वर्ण ल्यायो, अमेरिका पहिलो स्थानमा नै छ, बिट्रेनको प्रदर्शन राम्रो नै छ। सचिन तन्दुलकर क्रिकेट सम्राट, सेरिना भिलेन, भेनम विलियम, त्रिस्चियानो रोनाल्डो वर्ष खेलाडी, लियोनन मेस्सि, माईकल फेल्स जस्ता विभिन्न खेलाडीको खेल हेरेर जितेको देख्दा आफूपनि नेपाली यूवा भएर केही नगरेकोमा आफूलाई धिक्कार्छ। विश्वको कोही देश चन्द्रमामा पुगेको खबर वर्षन्छ तर नेपाल शान्तिका प्रतिक बुद्ध जन्मेको देश जहाँ हरेक दिन बन्द, झैझगडा आन्दोलन, खेलकुद देखि राजनीतिसम्म सोमालिया जस्तै पछि परेको देख्दा प्राकृतिक विपद्मा परि ज्यान गुमाएको देख्दा, तराई आन्दोलनमा छोरो गुमाएर छटपटीरहेकी यूवती या महिलालाई देख्दा, पिठयूमा ५० किलोको भारी बोकेर उकालीको बाटो हिडी बालबच्चा पाल्नेहरूको व्यथा देख्दा, रेडियो तथा नेपाल टेलिभिजनबाट आपत तथा विपत्तीका घटनाहरूको समाचारहरू सुन्दा तथा देख्दा, सहरमा रोजगार नपाई विदेश जान खोज्दा असफल भएर देशको स्थिति नसुधृएको भन्ने भान भएर आफ्नो जन्मभूमि फर्कने विचार गर्छ। जहाँ उसको बालापन थियो। रङ्गीचङ्गी लालीगुँरासका कोणधारी जंगल कलकल बग्ने पानी, वसन्त जस्तै आ आफ्नै पहिचान बोकेका रितुहरू र आमालाई फोन गर्छ। आमा म त्यहाँ आउँछु। मैले सकिन आमा भनेर आमाको निश्चल माया पवित्र माया, वर्षैदखि भेट नभएर छट्पटिएको मन आऊ छोरा दुख सुखका तिता मिठा कुरा गरौँला भन्ने उत्तर पाएपछि त्या मरुभूमि सहरको एक कोठाबाट आफ्नो डेरा जन्मभूमि लैजाने निश्चित गर्छ। गाडीघाटमा पुग्छ र घर हिड्नने बाटोमा संयौं पटक, चेकजाँच हुँदा फेरि द्धन्दको बीचमा परेझै ऊ झस्कन्छ र घर पुग्छ। आफूले कहीं गर्न नसकि घर फर्केको कुरा बुढा आमाबुवालाई सुनाउँछ। आखिर छोरा न हो। विभिन्न साहानुभूतिका साथ उसलाई अब घरमै बसेर केही काम गर्ने सललाह दिन्छन्।

फेरि उसको गाउँले जीवन सुरु हुन्छ। अनि हसिया, कुटो, कोदालो खेतीपातीको दिनमा अनि बाँकी दिनमा बाँसुरीसँग पारी त्यो रानी वनको जंगलमा बाखे गोठालो। गाउँमा टिभी छैन रेडियो उसको साथी बन्छ दिनभरि गेठालो जान्छ बेलुका समाचार सुन्छ। बिदेशमा गएका नेपाली कामदारको ब्यथा सुन्छ। अनि आफूलाई नेपाली गोठालो भएकोमा गर्भ गर्छ। किनकि पल्लो गाउँको उसको साथी मलेसियामा ४५ डिग्री सेल्सीयसको तापक्रममा बाखा चराउँदा चराउदै मरेको घटना जीवितै थियो। उसले सोच्थ्यो प्रधानमन्त्रिको चार आँखा चार हात चार खुट्टा कसैको पनि हुँदैन तर ऊ जस्ता यूवालाई प्रधानमन्त्री बनाएको भए के हुन्थ्यो। नौ वर्षमा १० वटा सरकार परिवर्तन हुने कस्तो प्रजातन्त्र ? ऊ चाहन्थ्यो रानीबनको विचवाट गाडी प्रकृतिको स्वाद, विदेशीलाई चखाउन पाए, कलकल बग्ने खोला, झरनाको उदेश्य विदेशीको क्यामरामा कैद भइदिएको भए, विश्वको खेलाडी जस्तै हाम्रो यूवा पनि चर्चित भई हामीले हौसला दिन पाउको भए, पुटिन, ओबामा,ओलान, मार्केल जस्ता नेताहरू नेपालमा पनि भइदिएको भए, एक वर्षमा सरकार परिवर्तन नभइदिएको भए, नेपाल एउटा भुपरिबेष्ठित मुलुक, पहाडी मुलुक, सगरमाथा, जस्तै अरु साना हिमालको उदेश्य हरेक देशको मानसपटलमा कैद भइदिएको भए, नेपाली युवाहरूले विदेशी दलालको दुःख नपाइदिएको भए। जुम्ला जस्ता स्याउ फल्ने जिल्लाको स्याउ विदेशी वजारमा पुर्याउन पाइदिएको भए। नेपाल जलश्रोतको धनी मुलुक सलल दक्षिणतिर बग्ने नदिबाट विद्युत उत्पादन भई १८, २० घण्टा लोडसेडीङ्ग खेप्नूनपर्ने हाम्रो सहरहरू उज्यालोले काँचुली फेरिदिएको भए, खेतीयोग्य जमिनमा सिचाँई व्यवस्था भइदिएको भए, शताब्दी अनुसार विभिन्न प्रविधि नेपालमा भित्र्याउने चाहना ठुलावडामा भइदिएको भए। कुर्सी नै प्यारो छ, नेपाली जनता सोझा छन्, उल्टा सुल्टा जसरी मरेपनि हामी ठुलै मान्छे हौँ भन्ने सोच तथा कार्य नेताहरूले नगरी दिएको भए। स्विजरल्याण्डको कुरा गर्दा जुम्ला जस्तो जिल्लाको नामै नलिई काठमाण्डौं पोखरा बुटवल, विरेन्द्रनगर, विराटनगर जस्ता सहरहरूलाई मात्र सम्झिने नेताहरूलाई के भन्ने होला ? तर एक मान्छे पढेलेखेको गोठालो जसले संघर्ष गर्दा गर्दैअसफल भई बाखा चराउन बाध्य भएर हिडेकोले सोचे जस्तो हुने भए।

# फर्सीको मुन्टाका फाइदा



सागहरूको प्रजातिमध्ये एक हो फर्सीको मुन्टा वा फर्सीको पातको साग। उसो त फर्सी पनि खानु हाम्रो स्वास्थ्यका लागि निकै नै लाभकारी हो। तर, फर्सीको पात वा मुन्टा खानाले हामी विभिन्न रोगबाट जोगिन सक्छौँ। फर्सीको पातको साग वा फर्सीको मुन्टा खानुको फाइदाबारे सबैलाई थाहा नहुन सक्छ। त्यसैले फर्सीको पातको साग खानुको फाइदाबारे जानौं।

फर्सीको साग विभिन्न पौष्टिक तत्वले भरिएको हुन्छ। फर्सीको साग भिटामिन ई, सी, ए, बी ६, पोटासियम, फोलिक एसिड, क्याल्सियम, कपर, प्रोटिन, म्याग्नेशियम, आइरन, फाइबर, फस्फोरस जस्ता खनिज पदार्थको राम्रो स्रोत हो। हामीलाई स्वस्थ रहनका लागि शरीरमा यी सबै तत्वको आवश्यकता पर्दछ। युएसडीए नेशनल न्युट्रिएन्टको अध्ययन अनुसार फर्सीको पातमा यति धेरै गुणहरू हुन्छ कि तपाईंलाई खतरनाक रोगबाट जोगिन मद्दत गर्छ। फर्सीको पातलाई आफ्नो नियमित भोजनमा समावेश गरेर तपाईं उच्च रक्तचाप, कोलेस्ट्रोल, क्यान्सर जस्ता खतरनाक रोगबाट सुरक्षित रहन सक्नु हुनेछ।

फर्सीको पातको नियमित सेवनले हुने फाइदा

**बढ्दो उमेरलाई छेक्न** :

फर्सीको पातमा पाइने एन्टी-अक्सीडेन्टले तपाईंको बढ्दै गरेको उमेरलाई छेक्दै जवान देखाउनमा सहयोगी हुन्छ। यदि तपाईं आफ्नो बढ्दो उमेरलाई लुकाउन चाहनु हुन्छ र जवान देखिन चाहनु हुन्छ भने फर्सीको पातको साग आजैदेखि खान सुरु गरिदिनुस्।

**आँखा स्वास्थ्यको लागि लाभकारी** :

फर्सीको पातमा भिटामिन ए प्रसस्त मात्रामा पाइन्छ। जुन हाम्रो आँखाको लागि राम्रो हो। साथै आँखा कमजोर हुँदा फर्सीको पातको साग खानाले आँखाको रोशनी बढाउनमा मद्दत गर्छ।

**कोलेस्ट्रोललाई नियन्त्रण गर्न**

अहिलेको समयमा उच्च कोलेस्ट्रोलको समस्याले प्रायः जसो सबै पीडित छन्। तर, कोलेस्ट्रोलको समस्याबाट राहत पाउनका लागि फर्सीको पात भने निकै नै उपयोगी हुन्छ। फर्सीको पातमा पाइने फाइबरले कोलेस्ट्रोललाई नियन्त्रण गर्नुका साथै तपाईंको मुटुलाई पनि स्वस्थ राख्नमा मद्दत गर्छ।

**प्रजनन क्षमतामा वृद्धि**

तपाईंको बिहे भइसकेको छ तर, अहिलेसम्म आमा वा बुबा बन्ने सौभाग्य पाउनुभएको छैन भने फर्सीको पातको साग खानु फाइदाजनक हुन्छ। किनकी फर्सीको पातको सागले नष्ट भएको टेस्टीकुलर र स्पर्म बन्ने प्रक्रियालाई मद्दत पुऱ्याउँछ। जसको मद्दतले तपाईंको प्रजनन क्षमतामा वृद्धि हुन्छ।

**मधुमेहलाई गर्छ नियन्त्रण**

मधुमेह रोग अहिलेको समयमा सुन्नमा सामान्य भए तापनि खतरनाक रोग हो। मधुमेह रोगबाट राहत पाउनका लागि फर्सीको पातको साग खानु फाइदाजनक हुन्छ। फर्सीको पातको सागमा हाइपोग्लिसिएमिक नामक तत्व हुन्छ जसले तपाईंको ग्लुकोजको मात्रालाई कम गर्नमा मद्दत गर्छ।

**छालाको लागि फाइदाजनक**

फर्सीको पातमा पर्याप्त मात्रामा भिटामीन सी पाइन्छ। जुन तपाईंको छालाको लागि फाइदाजनक हुन्छ। भिटामीन 'सी' ले छालामा भएको मृत तन्तुलाई निकाल्नमा मद्दत गर्नुका साथै छालालाई स्वस्थ बनाइ राख्छ।

**क्यान्सरबाट जोगाउन**

फाइबर एक यस्तो तत्व हो जसको सेवनले तपाईंलाई अनेक फाइदा हुन्छ। फर्सीको पातमा पाइने फाइबरले तपाईंको शरीरमा भएको क्यान्सर कोषीकाहरूलाई रोक्नमा मद्दत पुऱ्याउँछ।

**पाचन प्रणालीलाई स्वस्थ राख्छ**


फर्सीको पातमा पाइने पोटासियमले तपाईंको पाचन प्रणालीलाई स्वस्थ राख्नमा मद्दत गर्छ। साथै फर्सीको पातको सेवनले तपाईंको उच्च रक्तचापलाई पनि नियन्त्रणमा राख्छ।


# धनिया : कथा र व्यथा

■ **इन्दुल के.सी.**

**प्रारम्भ**

वरिष्ठ आख्यानकार परशु प्रधानज्यूले लेख्नुभएको, श्री विमल भौकाजीले सम्पादन गर्नुभएको र डिकुरा पब्लिकेसन काठमाडौले प्रकाशन गरेको यो कथा सङ्ग्रह २०७५ सालमा प्रकाशित भएको हो। कथाकार श्री परशु प्रधानज्यूले स्वहस्ताक्षरमा "सादर स-प्रेम प्रिय मित्र डा. इन्दुल केसीमा समर्पण" भनी यस कथा सङ्ग्रहको एक प्रति मलाई २०७५ आश्विन १९ गते उपहार दिनुभएको थियो। यसरी प्राप्त २६४ पृष्ठको यस पुस्तकको एक पाठकको हिसाबले मैले सरसर्ती पढैँ। विद्यार्थी अवस्थादेखि साहित्यका विभिन्न पुस्तकहरु मैले पढ्ने गरेको मध्ये कथा विधा पनि एक हो। कथामा मूलतः निम्न र मध्यम वर्गका पात्रहरुको पारिवारिक र आर्थिक अवस्था, तिनीहरुको अभिरुचि, समाजमा हुने विभिन्न प्रकारको सङ्घर्षको प्रतिनिधित्व गर्ने साहित्यको एक विधा मानिन्छ। परशु प्रधानजीलाई नेपाली साहित्यको आकाशको एउटा चम्किलो तारा भन्न म रुचाउँछु। उहाँको परिचय मैले खासै दिइरहनु पर्दैन। सबै नेपाली साहित्यको अनुरागीलाई उहाँ परिचित हुनुहुन्छ भन्ने ठान्दछु। उहाँ कथाकार, निबन्धकार, सिद्धहस्त आख्यानकार, नविन चिन्तक, नयाँ पुस्ताको लागि उत्प्रेरक, अथक साधक पनि हुनुहुन्छ।






मेरो र परशु प्रधानजीको सम्बन्धका कुरा गर्ने हो भने हामी एक अर्काका घनिष्ट मित्र हौँ। हामी २०३० सालदेखि सरकारी जागिरमा शिक्षा मन्त्रालयअन्तर्गत विभिन्न कार्यालयहरुको अधिकृत स्तरका जागिरे-सहयात्री, साहित्यिक सहयात्री, विभिन्न धार्मिक स्थलहरुमा परिवारसहित धार्मिक तीर्थयात्री पनि हौं। स्रष्टा समाज नामको साहित्यिक सङ्स्थाको उहाँ सस्थापक अध्यक्ष र म त्यो सङ्स्थाको विधान मौस्यादाकार तथा आजीवन सदस्य हौं। प्रेस (छापाखाना) का हामी द्वय सह-सञ्चालक पनि थियौँ। म योग तथा प्राकृतिक उपचारकको नाताले कहिलेकाँहि उहाँको अनुरोधमा उहाँकै स्वास्थ्य समस्या समाधानको लागि सेवा गर्ने एक उपचारक पनि हुँ। मैले गरेको उपचारको प्रशंसा गरी उहाँले आफ्ना लेखहरुमा उल्लेख पनि गर्नुभएको छ।

**कथा विधा र यौन**

नेपाली साहित्यको क्षेत्रमा कथोपन्यास (Hyper Novel) मा उहाँ पहिलो प्रयोगकर्ताको रूपमा हुनुहुन्छ। मनोवैज्ञानिक सिग्मन फ्राईडको यौन (sex) सम्बन्धी विचार, सम्भोगबाट समाधिका विश्वविख्यात लेखक रजनीस ओसो, श्री विश्वेश्वरप्रसाद कोइरालाज्यूको यौन साहित्यबाट परशु प्रधानज्यूलाई प्रभाव पारेको हो कि जस्तो मलाई लाग्छ। परशुज्यूको कथालेखनका पात्र चयन, अधिकांश नारी पात्रको प्रधानता र यौन विषयले प्राथमिकता पाएको हुन्छ। यस सन्दर्भमा यस पुस्तकका सम्पादक श्री विमल भौकाजीको शब्दमा -"नारी पात्रबिना पुरुषको कथा लेख्नै सकिन्न र पुरुषको कथा नहुने हो भने फेरि एक्लै नारीको कुनै कथा बन्न सक्दैन, नारीको इतिहास बन्न सकिँदैन। एक आपसमा अभिन्न नारी र पुरुष न पुरुषबिना नारी र नारीबिना पुरुष।" साहित्यमा कथाको विधागत सैद्धान्तिक मान्यता प्रवर्तन गर्ने काम सन् १९४३ एडगर एलेन पोलेले गरेको मानिन्छ। कथाको रचना गर्दा एउटै भावमा केन्द्रित भएर गरिन्छ।

**धनिया कथा**

परशुजीको यो कथा सङ्ग्रह 'धनिया' मा विभिन्न शीर्षकका ४४ ओटा कथाहरु सङ्ग्रहित छन्। ती कथाहरुमध्ये केही कथाहरु मैले पहिल्यै नै उहाँका अरू पुस्तकहरुबाट पढिसकेको थिएँ। यसै क्रममा सीताहरु नामको उहाँको कथासङ्ग्रह मैले पहिल्यै नै पढिसकेको थिएँ। त्यो कथा पनि यस पुस्तकमा समावेश भएको रहेछ। यस पुस्तकमा रहेका ४४ ओटा कथाहरुमध्ये एउटा कथा यो धनिया कथा पनि हो। त्यही धनियाको नामले नै यो पुस्तक प्रकाशित भएको छ। मैले यो लेखमा त्यही धनिया कथा एउटामा मात्र सीमित हुन खोजेको छु।

यस पुस्तकको कभर डिजाइन अर्मिता शाक्यले गर्नुभएको रहेछ। त्यहाँ नेपाली गाउँको एउटा चित्रको पृष्ठभूमिमा डालिमा (हाँगा) केही फलहरु फलिरहेको, आगलागीले गाउँ जलिरहको, तराई क्षेत्रको पहिरनमा एक नारीको चित्र छ। त्यो चित्रले यस धनिया कथाको कलाकारिताको प्रतिनिधित्व गरेको जस्तो मलाई लाग्यो। नेपाली समाजको सामाजिक, आर्थिक पृष्ठभूमि वर्गीय चरित्रमा निर्मित भएको कथा धनिया हो। नेपालको मोरङ जिल्ला, विराटनगरको सिमानापारि जोगबनी (भारत) बजारको परिवेश छ। यस कथाका विभिन्न पात्रहरु - धनिया, रामदेव, राम लगन, जुङ्गे हवाल्दार, गाउँका धनाढ्य सेठ, वडा अध्यक्षसमेत हुन्। यस कथामा करिब १४,०० शब्दहरु छन्। धनियाको लोग्नेको टिबी रोगले मुत्यु भइसकेको छ, धनिया २५ वर्षे एक विधवा नेपाली नारी हुन्। तिनको गर्भमा एउटा बच्चा छ। धनियाको देवर रामदेव आफ्नी भाउजूलाई दाइको मुत्युपछि आफ्नो हक लाग्ने भनेर अनुचित सम्बन्ध राख्ने गरिआएको रहेछ।

सीमापारीको त्यो जोगबनीमा किनमेल गर्न एक दिन धनिया पुग्दछे, त्यहाँ एउटा भट्टीमा धनियाले नचिनेका, नशामा लठिएका व्यक्ति रामलखनले धनियाको जबरजस्ती यौन शोषण गरेको छ। गाँउका एउटा धनी सेठ आफू निसन्तान भएकाले धनियालाई किनेर आफ्नी श्रीमती बनाउने र बच्चालाई आफ्नो सन्तान बनाउन चाहन्छ। एक दिन त्यो गाउँमा वडा अध्यक्षको उपस्थितिमा गाउँसभा हुन्छ। त्यो सभामा देवर रामदेव, चौकीदार हवल्दरसमेत मिलेर धनियालाई बिक्री गर्न सहमत हुन्छन्। सभा चलिरहेको हुन्छ केही केटाहरु त्यहाँ आई धनिया अलि परको रूखमा झुन्डि रहेको जानकारी दिन्छन्। सबै मानिसहरु त्यो घटना स्थलमा पुगी हेर्न जाँदा साच्चै नै धनिया रूखमा पासो हाली झुन्डेर मरिसकेको दृश्य देखिन्छ। यसरी कथा समाप्त हुन्छ।

यस कथामा धनियालाई बिक्री गर्दा प्राप्त हुने रकम आपसमा भागबन्डा गरी आफूले पाउने रकम वडा अध्यक्षज्यूले आउँदो चुनावमा खर्च गर्न रकम प्राप्त गर्न चाहेको, हवाल्दार पनि आफ्नो भागमा केही रकम पाउन सहमत भएको, देवर रामदेवले आफ्नी भाउजु आफ्नै सम्पत्ति जस्तो मानेर बिक्री गरी केही आर्थिक धन प्राप्त गर्न खोजेको रहेछ तर धनियाले झुन्डिएर आत्महत्या गरेको घटनाले अनुचित अर्थलाभ गर्ने सबैको इच्छा चकनाचुर भएको कुरा नै यो धनिया कथाको इतिवृत्ति हो।

# गोधूलि गीत सार्वजनिक




काठमाडौं। पत्रकार तथा लेखक भानु बोखिमको उपन्यास गोधूलि गीत सार्वजनिक भएको छ। हालै काठमाडौंमा आयोजित कार्यक्रममा साहित्यकार श्यामल र नविन विभास तथा प्रकाशक नरेन्द्रकुमार नगरकोटीले संयुक्त रुपमा पुस्तकको लोकार्पण गरेका हुन्।

जनयुद्धको उद्गम थलो रोल्पालाई आधार बनाएर लेखिएको पुस्तक जनयुद्धको विषयवस्तुमा केन्द्रीत छ।

पुस्तक लोकार्पण गरेपछि साहित्यकार लेखकले सरल रुपमा जनयुद्धको प्रभाव पुस्तकमा उतारेको बताए। 'माओवादीको आन्दोलनलाई हेर्ने फरक फरक दृष्टिकोण छन्,' श्यामलले भने, 'यो पुस्तक पढेपछि माओवादी आन्दोलनलाई सामान्य मान्छेले पनि सरल भाषामा बुझ्छन्।'

साहित्यकार नवीन विभाषले लेखकले जनयुद्धको विषयवस्तुलाई फरक कोणबाट प्रस्तुत गरेको बताए। उनले परिवर्तनका लागि युद्धमा सामेल भएका इमान्दार मान्छेहरूलाई परेको असर र उनीहरूको जीवन बुझ्न पुस्तक उपयोगी हुने बताए।

लोकार्पणपछि पत्रकार दीपक सापकोटाले गरेको संवादमा लेखख बोखिमले युद्धको प्रभाव सबैमा परेको भन्दै त्यसै मध्येको एउटा प्रभावलाई आधार मानेर आफूले पुस्तक तयार पारेको बताए। कलम प्रकाशनले निकालेको यो पुस्तक लेखक बोखिमको दोस्रो कृति हो। यसअघि २०७४ सालमा उनले रुमानी साँझ कथा संग्रह ल्याएका थिए।

# वाग्नर समूहको विद्रोहले युक्रेन आक्रामक



विष्णु भट्टराई

एक वर्षदेखि रुस र युक्रेन आम्नेसाम्ने छन् । युक्रेनले नाटोमा आफूलाई संलग्न हुने तयारी गरेपछि रुसले आफूलाई यसले खतरा पुग्ने विश्लेषण गर्दै त्यसो नगर्न युक्रेनी राष्ट्रपति भोलिदिभिर जेलेनस्कीलाई सुझाव दियो । तर जेलेनस्कीले मस्कोको यो सुझावलाई वास्ता गरेन । युक्रेन जसरी पनि नाटोको सदस्यता लिने चरणमा पुगेपछि रुसी राष्ट्रपति भ्यादिमिर पुटिनले युक्रेनमाथि आक्रमण गर्ने आदेश दिए । रुसले सम्भवत: केही समयमै युक्रेनले घुँडा टेक्नेछ भन्ने सोचेको हुनसक्छ । तर त्यस्तो भएन । युक्रेनलाई अमेरिकालगायत युरोपियन राष्ट्रहरूले हतियार आपूर्ति गरिरहे । प्रत्यक्ष रुपमा नेटोले सैन्य सहयोग नगरे पनि युक्रेनी सैनिकलाई अत्याधुनिक क्षेप्यास्त्र लडाकु एवं जासुसी ड्रोन र एनटी एयरक्र्याप्ट हतियारहरू अहिले पनि उपलब्ध गराइरहेको छ । त्यसैको बलमा युक्रेनी सेना रुसी सेनाविरुद्ध जवाफी कारबाही गरिरहेको छ । भर्खरै मात्र युक्रेनले मस्कोमा ड्रोन आक्रमण गरेको उसले बताएको छ । मस्कोलाई सहयोग गर्न रुसभित्रकै निजी लडाकु सैन्य दस्ताले पनि साथ दिएको थियो । तर केही दिनअघि मात्र स ा घरेलु फौजले रुसी सेनाविरुद्ध विद्रोह गर्न खोजेपछि रुसभित्र ठूलो तरंग गएको छ ।

केही दिनअघि रुसमा निजी सुरक्षाकर्मीहरू सम्मिलित वाग्नर समूहले देशभित्र गरेको विद्रोहलाई लिएर राष्ट्रपति भ्लादिमिर पुटिनले भने, 'जानाजान विश्वासघात र आतंकवादको बाटो हिँड्ने, देशद्रोह गर्ने र ब्ल्याकमेल गर्नेहरूले अनिवार्य अकल्पनीय सजाय भोग्ने छन् ।'

आफैंले हुर्काएको वाग्नर समूहले संवेदनशील समयमा आफ्नै २२ वर्षदेखि एकलौटी रुपमा हाँकिरहेको आन्तरिक सत्ताविरुद्ध विद्रोह गरेपछि पुटिनले आक्रोशमा उक्त अभिव्यक्ति सार्वजनिक रूपमै दिए । रुसको यो घटनाले के सन्देश दियो भने जसले गलत काममा अरुलाई सहयोग गऱ्यो, भविष्यमा त्यसैमाथि पनि जाइलाग्छ भन्ने हो । यो घटना विश्वमा पहिलो पटक भएको भने होइन ।

इतिहासलाई कोट्याउने हो भने दक्षिण एसियामै हेर्दा पनि हुन्छ । भारतले सहयोग गरेको तमिल विद्रोही समूहले कालान्तरमा आएर भारतकै प्रधानमन्त्री राजीव गान्धीको हत्या गरिदियो । साथै, अमेरिकाले तत्कालीन सोभियत युनियनविरुद्ध प्रयोग गर्न सहयोग गरेको अफगानिस्तानको मुजाहिद्दिन विद्रोही समूह (अलकायदा जन्मिएको समूह) ले पछि अमेरिकाविरुद्धकै इतिहासमा सबैभन्दा ठूलो आक्रमण गरेर धनजनको क्षति गरिदियो । यसले के स्पष्ट पारेको छ भने गलत मनसुबाले जुन कुनै शक्ति खडा गर्छ, त्यो आफ्नै लागि आत्मघाती हुने जोखिम टर्दैन ।

भूराजनीतिक जानकारहरू रुस, अफगानिस्तान र श्रीलंकाका प्रसंगहरू फरक भए पनि राज्यको सेनालाई राज्यले नियन्त्रणमा राख्नुपर्ने बताउँछन् । राज्यमा निजी सेना भएपछि कस्ता समस्या आउँछन् भन्ने विभिन्न घटनाहरूले प्रस्ट पारेको उनीहरूको भनाइ छ । 'तमिल विद्रोहमा उनीहरूको आफ्नै सेना भयो, अफगानिस्तानमा पनि राज्यको नभएको कुनै एक पक्षको सेना थियो । र, रुसमा अहिले एउटा निजी सुरक्षा समूह नै भइहाल्यो, यी सबै स्थानमा कुनै न कुनै पक्षबाट सहयोग भएको पाइन्छ । तर अन्त्यमा गएर आफैंलाई सहयोग गर्नेविरुद्ध ती समूहहरूले आक्रमण गरेको देखिन्छ ।' जानकारहरू भन्छन् ।

युक्रेनविरुद्धको हमलामा रुसी सेनालाई साथ लिइरहेको रुसको निजी सुरक्षा कम्पनी वाग्नर समूह गत शनिबार एकाएक रुस सरकारविरुद्ध नै विद्रोहमा उत्रिएपछि मस्कोमा संकट आइपऱ्यो । सोभियत युनियनको समयमा नौ वर्ष जेलमा बसिसकेका व्यापारी यभगेनी प्रिगोजिन नेतृत्वका वाग्नर समूहले रुसी सरकारविरुद्ध विद्रोह गरेको थियो । उक्त विद्रोहले रुसी राष्ट्रपति पुटिन पनि हच्किन पुगे । रुसी रक्षा मन्त्रालय र सैन्य नेतृत्वविरुद्ध असन्तुष्टि जनाउँदै सैनिक विद्रोह गर्ने अरू कोही नभएर राष्ट्रपति पुटिनका मान्छेको नामले चिनिएका व्यक्ति हुन् ।

प्रिगोजिनले रुसको सुरुआती दिनमा सेन्ट पिटर्सबर्गमा 'हटडग' को व्यापार गर्थे । त्यसपछि उनले खाद्य व्यवसायलाई बढाए । त्यसैबीच उनले निजी सैनिक दस्ता वाग्नर समूह खोले । जसमा अहिले २५ हजारभन्दा बढी निजी सैनिक छन् । सुरुआती दिनमा उक्त निजी सैनिकलाई हतियार, ट्यांकलगायत आवश्यक व्यवस्था पुटिन सरकारले नै गरेको थियो । सोहीअनुसार सन् २०१४ मा पूर्वी युक्रेनमा रुस समर्थक पृथकतावादी समूहसँग मिलेर लडेको थियो । सन् २०२२ को फेब्रुअरी २४ मा रुसले युक्रेनमाथि हमला गरेपछि पनि वाग्नर समूहले रुसी सरकारलाई सहयोग गर्दै युक्रेनविरुद्ध लडेको थियो । यति मात्र होइन, जतिबेला रुस र पुटिनलाई आवश्यक पऱ्यो, वाग्नर समूह सिरियादेखि अफ्रिकी मुलुकहरूसम्म लड्न पुगेका छन् ।



उक्त समूहलाई आर्थिक, हतियार र आवश्यक सामग्रीहरूको सहयोग रुसी सरकारले गर्दै आइरहेको थियो । तर गत शनिबार रुसी सेनाको सामग्रीहरू राखिएको रोस्तोभ सहरको गल्लीहरूमा वाग्नर समूहले हतियार र ट्यांकसहित पहरा दिन थाले । यस्तै, ट्यांक बोकेका ट्रकहरू रुसको राजधानी मस्कोतर्फ पनि अघि बढे । वाग्नर समूहका लडाकुहरू ११ सय किलोमिटर टाढा मस्कोतर्फ अघि बढ्न थालेका थिए ।

वाग्नर समूहका कमान्डर प्रिगोजिनले रुसी रक्षामन्त्री सर्गेई सोइगु र जनरल वालेरी गारासिमोवलाई चुनौती दिँदै भिडियो सन्देश बाहिर ल्याए । 'म तत्काल भेट्न चाहन्छु, अन्यथा हाम्रो समूह मस्को प्रवेश गर्नेछ,' उनको भनाइ थियो । तर वाग्नर सेनालाई संयमित बनाउन पुटिनको मित्र र पुराना साथी बेलारुसका राष्ट्रपति अलेक्जेन्डर पेरोसेन्कोले मध्यस्थता गरे । त्योसँगै संवाद सफल भयो र प्रिगोजिन बेलारुसतर्फ लागे । वाग्नर समूहको क्रियाकलापलाई लिएर पुटिनले क्रेमलिनबाट टेलिभिजन सम्बोधन गर्दै भनेका थिए, 'रुसको अस्तित्वमाथि नै खतरा आइलागेको छ । तर, हामी देश र जनताको जीवन र सुरक्षा, हाम्रो सार्वभौमसत्ता र स्वतन्त्रता तथा हजारौं वर्षको इतिहास भएको रुसको अधिकारका लागि लडिरहेका छौं ।' उनले जानाजान विश्वासघात र आतंकवादको बाटो हिँड्ने, देशद्रोह गर्ने र 'ब्ल्याकमेल' गर्नेहरूले अनिवार्य अकल्पनीय सजाय भोग्ने चेतावनी पनि दिए ।



वाग्नर समूहको २५ हजार मेसिनरी (भाडाका सैनिक) छन् भन्ने कुरा आएको छ । तर उसको मुख्य नेता नेता बेलारुस गए । सैनिक नेतृत्व गर्ने भागेपछि अब बाँकी फौजलाई कसले नेतृत्व गर्छ भन्ने मुख्य कुरा हो । उक्त फौजलाई अरू कसैले एक बनाएर राख्न सक्दैन भने त्यो मेसिनरीलाई अरूले प्रयोग गर्न सक्छन् । किनकि उनीहरूसँग तालिम छ, हतियार छ, लडाइँ लडेको अनुभव छ । उनीहरूलाई अब पैसा आवश्यक पर्छ । त्यसैले जहाँबाट फाइदा हुन्छ र पैसा आउँछ, उनीहरू त्यतै जान सक्छन्' जानकारहरू बताउँछन् ।

रुसका राष्ट्रपति पुटिनले त धेरै क्षति बेहोरिसकेका छैनन् । तर श्रीलंका मामिलामा भने भारतले आफ्नो प्रधानमन्त्री नै गुमाउनुपऱ्यो । श्रीलंकामा सन् १९८३ देखि २००९ सम्म अल्पसंख्यक तमिलहरूले विद्रोह गरे । करिब ७५ प्रतिशत जनसंख्या रहेको सिन्हाली समुदायले सञ्चालन गरेको राज्य सत्ता र तमिलबीच द्वन्द्व चल्यो । युद्धमा करिब ४० हजारभन्दा बढी मारिए । बेपत्ता, क्षति र घाइतेको अझै पूरा रूपमा यकिन हुन सकेको छैन । सुरुआतमा तमिलहरू श्रीलंकामा आक्रमण गरेर त्यहाँबाट भागेर भारत जान्थे । भारतले उनीहरूलाई सहयोग पनि गरेको थियो । तर सन् १९९१ मा भारतका तत्कालीन प्रधानमन्त्री राजीव गान्धीको तमिलनाडुमा आत्मघाती बम विस्फोटमा हत्या भएपछि तमिलहरू श्रीलंकाबाट भारत आउन पनि रोकियो । गान्धीको हत्या श्रीलंकाली तमिलले नै गरेको ठहर गरेर भारतमा उनीहरूलाई कडाइ गरियो ।

श्रीलंकाको तमिल विद्रोही लिबरेसन टाइगर्स अफ तमिल इलम (लिट्टे)का लडाकु । अढाई दशक लामो गृहयुद्धका दौरान श्रीलंकामा करिब एक लाखको मृत्यु भएको थियो ।

श्रीलंकाको तमिल विद्रोही र उसको सर्वोच्च कमान्डर प्रभाकरण भारतको सहयोगकै कारण सुरुआती दिनमा श्रीलंकामा आक्रमण गर्न सफल भयो । तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको सन् १९८० को दशकको सुरुआतमा तमिल विद्रोहीलाई आफ्नोतर्फबाट पूर्ण सहयोग हुने भन्दै आश्वासन मात्र दिइनन्, साथमा आर्थिक सहयोग र हतियार पनि उपलब्ध गराइन् । किनकि आर्थिक, हातहतियार र लुक्नसमेत भारतबाट सहयोग हुन्थ्यो ।

श्रीलंकामा आक्रमण गरेर ढुंगाको प्रयोग गरी नजिकै रहेको तमिलनाडुमा आएर तमिल विद्रोहीहरू लुक्थे । तमिलनाडु सरकारले पनि श्रीलंकाली विद्रोही तमिलका लागि सबैभन्दा ठूलो सहयोग गऱ्यो । किनकि तमिलनाडुमा अधिकांश तमिल समुदाय छन् । उनीहरू वेशभूषा र चालचलन श्रीलंकाली तमिलसँग मिल्छ । अर्को महत्त्वपूर्ण पक्ष भनेको श्रीलंका र तमिलनाडुका तमिलबीच रगतको नातासमेत छ । ब्रिटिसले भारतमा शासन गर्दा श्रीलंकाको उत्तर-पूर्वी भागमा राम्रो चिया खेती हुन्थ्यो । काम गर्नका लागि ब्रिटिसले भारतबाट केही तमिलहरूलाई उता लगेका थिए ।

सन् १९८४ मा प्रधानमन्त्री इन्दिरा गान्धीको आफ्नो सुरक्षा गार्डबाट हत्या भएपछि प्रधानमन्त्री बनेका छोरा राजीवले भारत सरकारले श्रीलंकाको तमिल विद्रोहीलाई गर्दै आएको सहयोगलाई कम गर्दै लगे र श्रीलंकाली सरकारको साथ दिन थाले । राजीवले सन् १९८७-९० सम्म श्रीलंका सरकारसँग सम्झौता गर्दै शान्ति स्थापना गर्ने भारतीय फोर्स पठाए । जसले तमिल विद्रोहीलाई थप चिढ्यायो । त्यसको बदला लिन क्रममा तमिलनाडुमा एउटा सम्बोधनका क्रममा आत्मघाती बम विस्फोटबाट राजीवको हत्या गरिदिए । उक्त हत्यामा संलग्न तमिलहरू अहिले पनि तमिलनाडुका विभिन्न जेलमा कडा सुरक्षाका साथ राखिएका छन् । जसलाई भेटका लागि समेत भारत सरकारले कडाइ गरेको छ । छिमेकी भारतको असहयोगका कारण श्रीलंकामा तमिल विद्रोहीको आन्दोलन तुहियो । सन् २००९ मा श्रीलंकन सरकारले तमिलले कब्जा गरेको सम्पूर्ण उत्तर-पूर्वी क्षेत्र आफ्नो कब्जामा गऱ्यो ।

मद्रास विश्वविद्यालयमा दक्षिणपूर्वी एसियाली केन्द्रको संस्थापक निर्देशक तथा भारतको दक्षिणी क्षेत्रबाट एक पटक राष्ट्रिय सुरक्षा सल्लाहकार बोर्डमा सदस्यसमेत भएका प्राध्यापक भी सूर्यनारायणले तत्कालीन प्रधानमन्त्री राजीवकी आमा इन्दिरा गान्धीले श्रीलंकामा तमिल राज्यको माग गर्दै अघि बढेका विद्रोही र उसका मुख्य नाइके प्रभाकरणलाई दिल्लीमै बोलाएर उक्त आन्दोलनमा सहयोग गर्ने बताएको जानकारी दिए । सन् २०१७ मा चेन्नईमा संवाददातासँग कुराकानी गर्दै उनले श्रीलंकाको तमिल विद्रोहको बारेमा भनेका थिए, 'त्यसको एक दशकअघि इन्दिरा गान्धीकै अग्रसरतामा पाकिस्तानबाट पूर्वी पास्कितानलाई फुटाएर नयाँ मुलुक बंगलादेशलाई जन्मिएको थियो ।



त्यसैगरी सुरुआती दिनमा तमिल विद्रोहीका नाइके प्रभाकरण चेन्नईमै बस्थे र श्रीलंकामा आफ्नो संगठन चलाउँथें । मैले प्रभाकरणलाई यही चेन्नाईको एक कोठामा गएर भेटेको थिएँ । उनले आफ्नो आन्दोलनमा भारत सरकार र तमिलनाडुको सरकार दुवैले साथ दिएको बताएका थिए । तर, राजीवको हत्यासँगै भारत र तमिल विद्रोहीबीचको सम्बन्ध उल्टियो ।'

रुस र श्रीलंकाका आ-आफ्नै कथा भए पनि जसले सहयोग गरेको थियो, पछि हतियारधारी समूह उसैमाथि जाइलागेको प्रस्ट हुन्छ । त्यो अर्को कसैमा लागू भएको छ भने अमेरिकामा हो । अफगानिस्तानमा १९ औं शताब्दीमा ब्रिटिस, २० औं शताब्दीमा सोभियत संघ र २१ औं शताब्दीमा अमेरिकी सैनिक हस्तक्षेप गऱ्यो । तर हरेक पटक विदेशी फौज तहस-नहस भएरै फर्कनुपऱ्यो । हरेक पटक विदेशी फौजसँग लड्ने कुनै अफगान समूह भइरहे ।

सन् २००१ मा अमेरिकामा अलकायदा समूहले आतंकवादी हमला भएपछि त्यसका नेता ओसामा बिन लादेनलाई खोजी गरी मार्न अमेरिकी फौज अफगानिस्तान छिरेको थियो । अमेरिकी सैनिकले लादेनलाई सन् २०११ को मे २ मा अफगानिस्तानको सीमा जोडिएको क्षेत्र पाकिस्तानको अबोटाबादमा माऱ्यो । तर, अचम्म लाग्न सक्छ, लादेन र उनको समूह अलकायदा जन्माउने र हुर्काउने काम भने अमेरिका स्वयंले गरेको थियो । अमेरिकाको इतिहासमै भएको एउटा ठूलो हमला अरू कोही नभएर आफैंले सहयोग गरिरहेको अलकायदाबाट भएको थियो । अलकायदा त्यो समूह हो, जो २० औं शताब्दीमा अफगानिस्तानमा अमेरिका र सोभियत संघबीच प्रोक्सी वार चल्दा वासिङ्टन डीसीले सहयोग गरेको मुजाहिद्दिनबाट निस्केको थियो ।

अमेरिका सन् २०२१ मा घर फर्कनुअघि अफगानिस्तानमा सोभियत संघको फौज हार खाएर मस्को फर्किएको थियो । १९७८ को अप्रिलमा मोहम्मद दाउद खानको सरकारलाई फालेर नूर मोहम्मद तराकीको नेतृत्वमा कम्युनिस्ट सरकार बनेको थियो । सरकार बनेलगत्तै शक्ति बाँडफाँटलाई लिएर दुई पार्टी (पिपुल्स पार्टी र बनर पार्टी) बीच द्वन्द्व भयो । यी दुवै पार्टीहरू पिपुल्स डेमोक्र्याटिक पार्टी अफ अफगानिस्तानबाट टुक्रिएका थिए । जसले गर्दा दुई पार्टीबीचमा सहकार्य टुट्यो ।

र, सोभियत संघसँग नजिक रहेका अफगानिस्तानका कम्युनिस्टहरूले सरकार बनाए । १९७९ डिसेम्बर २४ को क्रिसमस इभमा सोभियत संघको करिब ३० हजार सैन्य फोर्स अफगानिस्तानमा छिऱ्यो । त्यसको तीन दिनपछि जनताका राष्ट्रपतिको नामले चिनिएका हफिजुल्लाह अमिनको हत्या गरियो । लगत्तै देशनिकाला गरिएका माक्सिस पिपुल्स डेमोक्र्याटिक पार्टी अफ अफगानिस्तानका नेता (बनर गुटका) बब्राक कर्मललाई सरकार प्रमुखको जिम्मेवारी दिइएको थियो ।

सोभियत संघको समर्थनमा रहेको सरकारले अफगानिस्तानमा गैरकम्युनिस्टलाई रुचाइएन । जसको परिणामस्वरूप गाउँ र सहर दुवै क्षेत्रमा मुस्लिमहरू कडा रूपमा कम्युनिस्टविरुद्ध उत्रिए । कम्युनिस्ट सरकारविरुद्ध लड्नका लागि समूहगत रूपमा अघि बढ्नका लागि मुजाहिद्दिन भन्ने एउटा समूह नै बन्यो । अरबी भाषामा मुजाहिद्दिन भनिए पनि अंग्रेजीमा 'फ्रिडम फाइटर' हुन्छ । जुन मुस्लिम धर्मको रक्षाका लागि आएको भन्ने पनि गरिन्छ । सोभियत संघ नेतृत्वमा रहेको सरकार र मुजाहिद्दिनबीचको तनाव धर्मवादी र वर्गवादीबीचको युद्ध भयो ।



मुजाहिद्दिनको विद्रोही सेना निर्माण गर्नका लागि अमेरिकाले पाकिस्तानमार्फत आर्थिक, प्राविधिक र रणनीतिक सहयोग पनि गरेको थियो । साथै, इरान, साउदी अरेबिया र चीनले पनि त्यस बेला मुजाहिद्दिनलाई त्यस बेला सहयोग गरेको थियो । किनकि त्यस बेला इरान, साउदी, चीन र अमेरिकाबीच राम्रो सम्बन्ध थियो । सन् १९८८ को अप्रिलमा सोभियत संघका नेता मिखाइल गोर्बाचेभले उक्त भूमिमा युद्ध जित्न सकिन्न भन्ने थाहा पाएपछि अमेरिका, पाकिस्तान र अफगानिस्तानसँग शान्ति सम्झौता गरे र सन् १९८९ को फेब्रुअरी १५ मा सोभियत संघको सैनिकले अफगानिस्तान छाडे । सोभियत संघले फर्केलगत्तै घरेलु हिंसाको ऊर्जाले अफगानिस्तानमा नयाँ विद्रोही समूहको जन्म गरायो । उक्त समूहको नाम थियो, तालिवान ।

जसले अमेरिकी सैनिक स्वदेश फर्केपछि अहिले काबुलमा दोस्रो पटक सत्ता चलाइरहेको छ । त्यस बेला रुसी सेनालाई घर फर्कन मुजाहिद्दिनलाई सहयोग गरेको अमेरिकामाथि त्यही समूहबाट जन्मिएको अलकायदाले सन् २००१ को सेप्टेम्बर ११ मा अमेरिकाको न्युयोर्क वर्ल्ड ट्रेड सेन्टर र वासिङ्टन डीसीको पेन्टागनमा आक्रमण गऱ्यो । जसमा झन्डै ३ सयको ज्यान गऱ्यो भने ६ सय जनाभन्दा बढी मान्छे घाइते भए । कुनै बेला सोभियत संघविरुद्ध प्रयोग गर्न अमेरिकाले सहयोग गरेको समूहले कालान्तरमा अमेरिकामै आक्रमण गऱ्यो ।

रुसमा अर्धसैन्य बल वाग्नर समूहको विद्रोहले ल्याएको उथलपुथलपछि रुससँग लामो समयदेखि युद्ध गरिरहेको युक्रेनले यही मौकामा बलियो प्रत्याक्रमणको योजना बनाउनुपर्ने युक्रेनी सेनाका उच्च अधिकारीले बताएका छन् । रुस आन्तरिक मामिलामा अल्झिरहेका बेला त्यसको फाइदा उठाएर युक्रेनले प्रत्याक्रमण गर्नुपर्नेमा उनीहरूले जोड दिएका हुन् ।

युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाले 'दुश्मनतर्फ भएको कुनै पनि समस्या' आफ्ना लागि अवसर भएको तर्क गर्छन् । उनले प्रत्याक्रमणका विषयमा छलफलका लागि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकनसँग पनि फोनवार्ता गरेका छन् । युक्रेनका अवकाश प्राप्त लेफ्टिनेन्ट जनरल इहोर रोमानेन्कोले वाग्नर समूहको विद्रोहलाई अवसरका रूपमा लिएर विशेष प्रकारको रणनीति बनाउनुपर्नेमा जोड दिए । त्यसको एउटा कदम पश्चिम रुसमा आक्रमण हुन सक्ने उनको भनाइ छ । आफ्नो निजी अर्धसैनिक समूह 'द वाग्नर ग्रुप' को विद्रोहपछि रुस अहिले आफैं रक्षात्मक अवस्थामा आइपुगेको छ । एक दिनयताको घटनाले युक्रेनलाई भने आक्रमणको सही मौका दिएको रोमानेन्को भनाइ छ ।

यता, वाग्नर समूहका प्रमुख यभगेनी प्रिगोजिन रुसको दक्षिणी सहर रोस्तोभ-अन-डन छाडेर आफ्ना सेनासहित बेलारुसतर्फ लागेका छन् । युक्रेनविरुद्धको आक्रमणमा रुसी सेनाले मोहराका रूपमा प्रयोग गर्दै आएको निजी अर्धसैनिक सेनाका प्रमुख प्रिगोजिन र उनका सैनिकमाथि रुसले लगाएका सबै आरोप हटाउने आश्वासन पाएपछि प्रिगोजिन बेलारुसतर्फ लागेको अन्तर्राष्ट्रिय समाचार संस्था बीबीसीले उल्लेख गरेको छ ।

बेलारुसका राष्ट्रपति अलेक्जेन्डर लुकासेन्कोको मध्यस्थतामा शनिबारदेखि भएको छलफलमा वाग्नर समूह प्रमुख र उनका सेनामाथि लागेका सबै आरोप हटाउने रुसी पक्षले आश्वासन दिएपछि प्रिगोजिन बेलारुसतर्फ हिँडेका हुन् । यसबाहेक अन्य कुन-कुन विषयमा सहमति भएको हो भन्नेबारेमा भने अझै सार्वजनिक भइसकेको छैन ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको सहमतिसँगै वार्ता टुंगोमा पुगेको थियो । योसँगै वाग्नर समूह पनि आफूले नियन्त्रणमा लिएको रुसको रोस्तोभ-अन-डन सहर छोडेर फर्किएको बीबीसीले उल्लेख गरेको छ ।

वाग्नर समूहले रुसका केही भूभाग नियन्त्रणमा लिन खोजेसँगै रुसले पनि राजधानी मस्कोको सुरक्षा व्यवस्था कडा पारेको थियो । मस्कोका मेयरले राजधानीवासीलाई जुलाई १ सम्म घरबाट बाहिर ननिस्कन निर्देशन दिएका छन् । रुसले युक्रेनमा आक्रमण गर्नका लागि सुरुदेखि नै बेलारुसको भूमि प्रयोग गर्दै आएको छ । राष्ट्रपति पुटिनका पूर्वसहयोगी यभगेनी प्रिगोजिन नेतृत्वका वाग्नर फौजलाई रुसी सरकारले भाडामा प्रयोग गर्दै आएको थियो । वाग्नर समूहले सुरुमा २०१४ मा पूर्वी युक्रेनमा रुस समर्थक पृथकतावादी समूहसँग मिलेर लडेको थियो । त्यसपछि नै यस निजी सैन्य कम्पनीको चर्चा बढेको हो । २०२२ मा पनि यस समूहमा ठूलो संख्यामा युवाहरू भर्ती भएका थिए ।

युक्रेनमाथि रुसले आक्रमण गरेयता डेढ वर्षदेखि रुसी सेना र वाग्नर फौज एकाकार थिए । तर, पछिल्ला केही सातामा दुई समूहबीच अविश्वास बढेको थियो, रुसी सेनाले आफ्नो शिविरमा मिसाइल हमला गरेको भन्दै उत्तेजित वाग्नर सेनाले रुसी सेनाको नेतृत्व नै अपदस्थ गर्ने गरी युद्ध घोषणा गरेको थियो । प्रिगोजिनको वाग्नर सेनाले रुसका तर्फबाट युक्रेनमा सबैभन्दा रक्तपातपूर्ण लडाइँ लडेको थियो । तर, रुसी सेनाका शीर्ष अधिकारीहरूसँग महिनौंदेखि यो फौजको विवाद बढेको थियो । विद्रोही फौजले रुसी सेनाको दक्षिणी मुख्यालय कब्जा गरेको र सहरमा नियमित गस्ती सुरु भएको दाबी गरेको छ । तर, यसका लागि एउटा पनि गोली चलाउन नपरेको प्रिगोजिनका कमान्डरहरूले बताएका छन् ।

*(एजेन्सीहरूको सहयोगमा)*

प्रेरक

## खाना खाएर जाऊ

परापूर्वकालमा गोदावरी कुण्डनजिकै एक सन्तको कुटी थियो । उनी काम, क्रोध, लोभ र मोहबाट मुक्त थिए । उनको महान्ताको चर्चा टाढा-टाढासम्म हुने गर्थ्यो । उनलाई सहयोग गर्न चाहने दाताको कमी थिएन । तर, सन्त उनीहरूको कुनै भेट स्विकार्दैनथे । सन्तको दर्शनका लागि टाढा-टाढाबाट भक्तजन आउँथे ।

उनका अमृतवचन सुनेर फर्किन्थे । कैयौँ त आजीवन उनकै आश्रममा बस्ने गर्थे । त्यही गाउँका कतिपय मानिसलाई भने उनका कुरा मन पर्दैनथे । उनीहरू जहिल्यै सन्तको अपमान गर्ने उपाय खोजिरहन्थे । सन्तको आश्रमदेखि अलि परको एउटा चौतारामा बसेर उनका विरोधी सन्तको अपमान गर्ने र टाढा-टाढाबाट आउने भक्तजनलाई भड्काउने उपाय खोजिरहन्थे ।

एक दिन सन्तका विरोधीहरू चौतारामा जम्मा भएर उनको अपमान गर्ने उपायबारे सल्लाह गरिरहेका थिए । त्यसै समयमा सोही बाटो हुँदै एक गरिब बटुवा कतै जाँदै थिए । सन्तका विरोधीले उनलाई सोधे- तिमी कता जाँदै छौ ? बटुवाले जवाफ दिए- गरिबीले सताएकाले केही काम पाइन्छ कि भनेर छिमेकी देशतिर जाँदै छु । गरिबको कुरा सुनेर सन्तका विरोधीमध्ये एकले भने- ठिकै छ, हामी तिमीलाई एउटा काम दिन्छौँ । त्यो काम गर्न सक्यौँ भने हामी तिमीलाई धन दिनेछौँ ।

उनले बटुवाको कानमा मुख लगाएर खासखुस गरे र भने- तिमीले यत्ति गर्न सक्यौ भने पुग्छ । सम्पत्ति पाउने लोभमा बटुवा सन्तको आश्रममा पुगे । त्यतिखेर सन्त ध्यानमा लीन थिए । बटुवाले भन्नु-नभन्नु भनेर सन्तको अपमान गरे । तर, सन्तले वास्तै गरेनन् । उनी ध्यानमै मग्न भए । बटुवा झन्-झन् चर्की-चर्की सन्तलाई गाली गर्न थाले । एकछिनपछि सन्तले आँखा खोले र मुसुक्क मुस्कुराउँदै भने- बन्धु, तपाईं भोकाउनुभएको होला, आश्रमको भान्छामा गएर पेटभरि खाना खाएर मात्र जानुस् है !

सन्तले यसरी प्रसन्न मनले खाना खाएर जाने प्रस्ताव गर्लान् भनेर बटुवाले सोचेका पनि थिएनन् । सन्तको यस्तो क्षमाशील व्यक्तित्व देख्दा बटुवाको मन द्रवीभूत भयो । उनले सन्तसित माफी माग्दै आफ्नो गल्तीको प्रायश्चित्त गरे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। मिहिनेतको फल प्राप्त हुनेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। रचनात्मक काममा जुट्ने समय छ। विभिन्न भौतिक साधनहरू प्राप्त हुनेछन्। नोकरी तथा व्यवसायमा विशेष फाइदा होला। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि जग बसाउने मौका छ।

### वृष

मिहिनेत गर्दा लक्ष्यमा पुगिनेछ। रोकिएका काम सम्पादन हुनेछन्। विशेष जिम्मेवारी प्राप्त हुनेछ। सानो प्रयत्नले धेरैको भलाइ गर्न सक्छ। भेटघाटले काम गर्ने अवसर दिलाउनेछ। समाजमा तारिफयोग्य काम गर्दै राम्रो उपलब्धि हातपार्न सकिनेछ। अध्यात्मभाव जागृत हुनाले धर्मकर्ममा प्रवृत्त भइनेछ। आलस्य गर्ने बानीले कार्य सम्पादनमा केही विलम्ब हुन सक्छ।

### मिथुन

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला। स्वास्थ्य कमजोर रहनाले यात्रा अलि कष्टपूर्ण हुनेछ। आफ्ना विषयमा अरूले दाबी गर्न सक्छन्। तापनि समस्या दर्साउँदा शुभचिन्तकहरूले साथ दिनेछन्। काम बन्न समय लागे पनि सकारात्मक संकेत प्राप्त हुनेछ। थन्किएका वस्तुको उपयोग हुनेछ। समाजसेवा र सत्कार्यमा केही खर्च गर्नुपर्ने हुन सक्छ।

### कर्कट

धेरै बोल्दा समस्या आउन सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्ने छ। आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला। परिवारजनको साथले केही समस्या सुल्झनेछन्। उधारोमा व्यापार गर्नुपर्ला। खानपान, मानोरञ्जन र पहिरनको सोखले खर्च बढाउन सक्छ। निम्तो मान्ने क्रममा आतिथ्य खर्चिलो बन्ने देखिन्छ। भेटघाटमा अलमलिनाले काममा बाधा पुग्नेछ।

### सिंह

पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे फाइदा उठाउन सकिनेछ। परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ। शत्रु परास्त हुनेछन् भने रोगबाट उन्मुक्ति मिल्नेछ। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ।

### कन्या

काममा केही विलम्ब भए पनि सुखद समाचारले उत्साह जगाउनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ। व्यापारमा फाइदा र पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले पनि काममा जोसजाँगर बढ्नेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ।

### तुला

तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ। काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन्। पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ। भूमि तथा पशुधनबाट लाभ मिल्नेछ। टाढिएका आफन्त नजिकिन सक्छन्। शुभचिन्तकहरूलाई साथमा लिएर जुट्नुहोला, मिहिनेतले काम सम्पादन हुनेछ। रोकिएका काममा भने दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला।

### वृश्चिक

काम दोहोर्‍याउनुपरे पनि मिहिनेतको प्रतिफल प्राप्त हुनेछ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ। व्यवसायमा मनग्य धनलाभ हुनेछ भने पहिलेको लगानीले दिगो फाइदा दिलाउनेछ। मिहिनेतले दैनिकीमा सुधार ल्याउनेछ। शत्रु र प्रतिस्पर्धीलाई पछि पर्दै लाभ उठाउन सफल भइनेछ।

### धनु

अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। नयाँ काम प्रारम्भ हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ। बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ। बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ।

### मकर

रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ।

### कुम्भ

अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ। विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ। टाढाका साथीभाइले काममा साथ दिनेछन्। तर, खर्च बढ्नेछ भने आलस्य गर्ने बानीले निकै पछि परिनेछ। पछिल्लो समयका लागि केही वस्तु त्याग्नुपर्ला।

### मीन

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ। पारिवारिक भेट हुने योग छ।

# सरकारी रवैयाको भर्त्सना

काठमाडौं। लम्पी स्किन जस्तो पशु चौपायमा फैलिएको रोगको महामारीप्रति सरकारले बेवास्ता गरेको भन्दै नेकपा मालेले एक विज्ञप्तिमार्फत त्यसको घोर भर्त्सना गरेको छ। मालेद्वारा प्रकाशित विज्ञप्तिमा भनिएको छ- 'नेपालमा पहिलो पटक २०७७ असार १० गते मोरङ्ग जिल्लामा देखापरेको र परिक्षण गर्दा सोही बर्षको साउन १२ मा पुष्टि भएको गाइभैंसीमा भाइरसका कारण लाग्ने महामारी रोग 'लम्पी स्किन' अहिलेसम्ममा देशका ७६ जिल्लामा फैलिइसकेको छ। पछिल्लो चरण २०७९ चैतदेखि फैलिन शुरू गरेको यस रोगबाट आज सम्ममा २५ हजार ४०८ वटा पशु मरिसकेका तथा ६ लाख ८२ हजार ८० वटा संक्रमित रहेका सञ्चार माध्यमले बताएका छन्। यस रोगबाट संक्रमित गाई-भैंसीको दूधमा ८० प्रतिशत सम्म ह्रास आउने पशु चिकित्सकहरू बताउँछन्। हालसम्म यसको संक्रमणबाट रु.३३ अर्ब ५१ करोड ४० लाख बराबरको नोक्सान भइसकेको एक अध्ययनले देखाएको छ।

महामारीको चपेटामा परी घरपालुवा पशुहरूको क्षतिले पीडित किसानहरू अत्यन्तै मर्माहत बनेका छन्। यसरी महामारीको असर परिरहँदा पनि सरकार रमिते बनिरहेको छ। हामी यस्तो सरकारी रवैयाको कडा बिरोध र भर्त्सना गर्दछौं। नेकपा (माले) युद्धस्तरमा लम्पी स्किन रोगको उपचार तथा निराकरण गर्न एवम् किसानहरूलाई समुचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग जोडदार माग गर्दछ।'

# मेलम्चीको पानी फेरि बन्द



काठमाडौं। मेलम्चीको पानी २ महिनालाई बन्द भएको छ। आयोजनाको बाँधमा धमिलो पानी र बाढी आउन थालेपछि दुई महिनाका लागि खानेपानी बन्द गरेको मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) ले जनाएको हो। आयोजना निर्देशनालयका अनुसार बाँध क्षेत्रमा पानी थिग्र्याउने व्यवस्था भइनसकेकाले हाललाई बाँधबाटै खानेपानी पठाउन बन्द गरिएको हो।

पानी पठाउन बन्द भएपछि उपत्यकाभित्र वितरण हुने खानेपानीको तालिका पनि परिवर्तन हुने भएको छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले मेलम्चीको पानी आइरहेको अवस्थामा धेरैजसो ठाउँमा सातामा दुईपटक वितरण हुँदै आएकोमा अब भने एकपटक मात्रै वितरण गर्ने तयारी छ। पानी भण्डारण कम हुने भएकाले एक साताको फरकमा पानी वितरण गर्ने तालिका केयुकेएलले तयार पारिसकेको छ। उपत्यकामा मेलम्चीबाहेक आसपासका मूल मुहान र खोलाहरूबाट दैनिक करिब १२ करोड लिटर पानी आउने केयुकेएलले जनाएको छ। बर्खा लागेसँगै मूल मुहानमा पानी बढ्ने भए पनि पर्याप्त हुँदैन। यद्यपि, हिउँदमा भन्दा वितरण सहज हुने केयुकेएलको भनाइ छ।

दुई वर्षअघि नै आयोजनाको बाँधमा बाढीले पुगेको क्षति मर्मत नभएको र विकल्पमा खोलिएको डाइभर्सन टनेलसमेत थुनिने डरले बर्खा लागेसँगै खानेपानी बन्द गरिएको हो। १ असार ०७८ र सोही वर्षको १६ र १७ साउनमा मेलम्ची खोलामा बाढी आउँदा आयोजनाको मुहान क्षेत्र क्षतिग्रस्त भएको थियो। बाढीले आयोजनाको मुख्य बाँध नै पुरेको थियो । उक्त बाँध अझै बनेको छैन। अहिले वैकल्पिक बाँधमार्फत काठमाडौंमा दैनिक १७ करोड लिटर पानी पठाइरहेको निर्देशनालयले जनाएको छ। मेलम्ची खानेपानी आयोजना विकास समितिका कार्यकारी निर्देशक कमलराज श्रेष्ठले दुई वर्षअघिको बाढीले क्षति पुर्‍याएको हेडवर्क्सस्थल, इन्टेक, सुरुङ गेटको पुरानै अवस्थामा अझै आइनसकेकाले बर्खामा पानी वितरण गर्ने अवस्था नभएको बताए।

मेलम्ची खानेपानी आयोजनाको टनेल रहेको क्षेत्र बाढीपहिरोको हिसाबले निकै जोखिमपूर्ण मानिन्छ । यसअघि बाढीले क्षतिग्रस्त हेडवर्क्सस्थल, इन्टेक, सुरुङ गेटको अवस्था अझै अस्तव्यस्त छ। मुहानस्थल अम्बाथानवरपर र भेमाथाङसम्म ठुल्ठूला १५ भन्दा बढी पहिरो छन्। आयोजनालाई चारैतिरबाट पहिरोले घेरेको छ । मेलम्ची खोलामा बाढी आउँदा वा खोलाको बहाब बढ्यो भने ओहोरदोहोर गर्न सकिने अवस्था छैन । बाढीले बगाएको पुलसमेत निर्माण हुन सकेको छैन भने बगरबाटै सडक बनाइएको छ। सबैतिर बाढीपहिरोको जोखिम र बाँधभन्दा माथिबाट जुनसुकै वेला बाढी आउन सक्ने भएकाले सुरुङको गेट बन्द गर्नुपर्ने अवस्था आएको समितिले जनाएको छ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Visionary = काल्पनिक Visionary schemes are always difficult to realize काल्पनिक योजनाहरू कार्यान्वयन गर्न गाह्रो हुन्छ।

Wizened = चाउरी परेको Although he is a wizened old man, his physical performance is incomparable उ चाउरी परेको बुढा भए तापनि उसको शारीरिक दक्षता अतुलनीय छ।

Ascetic = सादा, थोरैले पुग्ने Buddhist monks tend to pass an ascetic life बौद्ध भिक्षुहरूले सादा जीवन ब्यतित गर्ने गर्दछन।

Breach = उल्लंघन गर्नु As one of the contracting party breached the provisions made in the understanding, the other party declared the contract immediately invalid सम्झौता गरेको एक पक्षले सम्झौतामा सहमति भएका कुराको उल्लंघन गरेको हुँदा अर्को पक्षले तुरुन्तै सम्झौता खारेज गरिदियो।

Cynosure = केन्द्रविन्दु As the renowned actress entered the hall, she became the cynosure of all the eyes नाम चलेकी नायिका जब हलमा प्रवेश गरिन्, उनी सबैको आँखाको केन्द्रविन्दु बनिन्)

Disseminate = फैलाउनु, छर्नु Ideas now can be dissiminated all over the world within a minute through the use of Internet इण्टरनेटको माध्यमद्वारा कुनै पनि नयाँ विचारधारालाई तुरन्तै विश्वभर फैलाउन सकिन्छ।

Extrinsic = गुदी नभएको, कम महत्वको As the testimonies were extrinsic, the judge did not admit them प्रमाणहरू महत्वहीन भएको हुँदा न्यायाधीशले त्यसलाई स्वीकारेनन।

Frigid = अति नै चिसो As Alaska is frigid zone, there are not much activities compared to any other zones of the earth अलास्कामा ज्यादै चिसो हुने भएको हुँदा पृथ्वीको अरू ठाउँमा जस्तो त्यहाँ धेरै क्रियाकलाप हुँदैनन्)।

Granulate= अन्नाकार बनाउनु Granulated sugar dissolves easily than lump sugar ढिक्का चिनी भन्दा अन्न आकारको चिनी सजिलै पग्लन्छ।

Hinterland = धेरै आवतजावत नहुने परको ठाउँ As they live in hinterland, they have seldom visitors तिनीहरू परको ठाउँमा बस्ने हुँदा तिनीहरूकहाँ पाहुना प्रायः हुँदैनन्।

## Draw बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Draw somebody about = कसैलाई भन्न जोड गर्नु He did not draw her to tell about her private life उसले तिनलाई उनको निजी जीवनबारे जान्न जोड गरेन।

Draw somebody on = कसैलाई केही कुरा भन्न जोड गर्नु I wanted to hear from them about possible changes but I could not draw them on that केही परिवर्तनका कुरा मैले सुन्न चाहेको थिए तर मैले तिनीहरूलाई त्यस्मा जोड गर्न सकिन।

Draw on something = स्वाररर....तान्नु He was drawing thoughtfully on his cigarette ऊ ध्यानमग्न भएर चुरोट स्वाररर तान्दै थियो।

Draw something from something = तान्नु Every morning I draw water from well हरेक बिहान म इनारबाट पानी तान्छु।

Draw something from somebody = कसैबाट केही प्राप्त गर्नु I have to draw support from every one to win the election चुनाव जित्न मैले सबैबाट समर्थन प्राप्त गर्नु पर्छ।

Draw somebody = खिच्नु This song is drawing well large audience यो गीतले स्रोताको ध्यान राम्रै खिचिरहेको छ।

Draw from = बाट तान्नु We have been successful to draw readers from all classes of society हामीले समाजको सबै तप्काबाट पाठकहरू तान्न सफल भएका छौ।

Draw somebody to = कसैलाई बाध्य पार्नु My parents drew me to study medicine मेरा बाबुआमाले मलाई डाक्टरी पढन बाध्य बनाए।

Draw somebody from = ल्याउनु We have drawn large number of the student from all over the country हामीले पुरै देशबाट ठूलो संख्यामा विद्यार्थीहरू ल्याएका छौ।

Draw something from = झिक्नु I want to draw Rs . 50,000 from my account म मेरो खाताबाट ५० हजार झिक्न चाहन्छु।

## सुडोकु-अंक ३०९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २ | | | | | | |
| ६ | | ९ | ४ | | | | | ७ |
| ७ | ८ | | | ६ | | ४ | १ | |
| ४ | | | ६ | ९ | | | | ५ |
| | | | | ४ | | | | |
| २ | | | | ५ | १ | | | ४ |
| | ९ | ६ | | ३ | | | २ | १ |
| ८ | | | | | २ | ५ | | ६ |
| | | | | | | ७ | | |

## अंक ३०८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ८ | ९ | ७ | ५ | २ | ६ | ३ |
| ५ | २ | ६ | ३ | १ | ८ | ४ | ७ | ९ |
| ३ | ७ | ९ | ४ | ६ | २ | ८ | १ | ५ |
| २ | ६ | ४ | १ | ३ | ८ | ५ | ८ | ७ |
| ९ | ३ | ७ | ५ | ८ | ६ | १ | २ | ४ |
| ८ | १ | ५ | २ | ४ | ७ | ९ | ३ | ६ |
| ६ | ५ | २ | ८ | ९ | ३ | ७ | ४ | १ |
| ७ | ८ | १ | ६ | ५ | ४ | ३ | ९ | २ |
| ४ | ९ | ३ | ७ | २ | १ | ६ | ५ | ८ |

## धेरै सोचाइमा पर्दा के असर गर्छ ?

रवि शाक्य



मानिसले कुनै पनि काम गर्नुअघि वा निर्णय लिनुअघि सोच्छन् जुन सही पनि हो। धेरै सोच्ने भएकाले नै मानिस अन्य प्राणीभन्दा अघि छ। यो मानिसको स्वाभाविक स्वभाव हो, तर जब यो स्वभावले सीमा नाघेको हुन्छ, त्यसलाई 'ओभर थिङकिङ' भनिन्छ।

'ओभर थिङथिङ' आफैंमा नराम्रो होइन। धेरै सोच्दा समाज परिवार र व्यक्तिलाई कुनै कुरा फाइदा हुन्छ भने त्यो त राम्रो हो। चाहिनेभन्दा धेरै सोचेर नै मानिस अरू प्राणीभन्दा अगाडि पुगेका हुन्। व्यक्तिले कुनै कुराको बारेमा धेरै सोच्छ, गहिरो सोच्छ भने त्यो समस्या होइन। साहित्यकारहरूले सानो कुरामा पनि धेरै सोचेर नै राम्रो साहित्य सिर्जना गरेका हुन्। तर कुनै पनि सोचाइले फाइदा नगरी त्यसले नोक्सान गर्छ भने त्यो 'ओभर थिङकिङ' चाहिनेभन्दा धेरै सोचाइ हो।

**ओभर थिङकिङको लक्षण**

-आफूसँग भएको नराम्रो क्षणलाई बारम्बार सम्झिरहने
-एउटै कुरा सोचिरहँदा राम्ररी निद्रा नलाग्ने
-पुरानो कुराहरू पनि याद आइरहने
-कसैले केही कुरा भन्यो भने त्यो कुरालाई मनमा लिएर सोचिरहने
-केही कुराको चिन्ता लिन्नँ भन्दाभन्दै पनि चिन्ता लाग्नु

अति सोचाइले निम्तिन सक्ने समस्या

चाहिनेभन्दा धेरै सोच्यो भने दिमागमा भार पर्छ। धेरै सोच्ने बानीले तनाव दिन सक्छ। साथै धेरै सोच्ने समस्याले मानसिक रोगी बनाउन सक्छ।

धेरै सोच्दा 'अबसेसिभ कमप्लेसिभ डिसअर्डर', 'एन्जाइटी डिसअर्डर ', र विचार विकार 'थट डिसअर्डर' जस्ता मानसिक समस्या देखा पर्न सक्छ।

**अति सोचाइबाट बच्ने उपाय**

केही गलत चीजको बारेमा बारम्बार सोचिरहनु भएको छ भने त्यसबाट दिमाग विचलित गर्न मन पर्ने काम गर्नुपर्छ। कुनै पनि गतिविधि गर्नुहोस् जसले आनन्दित बनाउँछ। भान्साको नयाँ सीप सिक्नुहोस्। चित्रकला, संगीत सुन्नुहोस्, नृत्य गर्नुहोस्। यसले दिमागलाई आराम दिनेछ र अनावश्यक चीजको बारेमा सोच्नबाट जोगिन्छ।

दैनिकीलाई व्यवस्थित बनायो भने पनि धेरै सोच्नबाट बच्न सकिन्छ। खाना खाने समय, पढ्ने समय, परिवारसँग समय बिताउने र सुत्ने सबै कुरालाई समयमा गरियो भने धेरै सोच्ने समय हुँदैन र समस्याबाट बच्न सकिन्छ।

यदि धेरै सोच्नबाट बच्न चाहनुहुन्छ भने, नियमित रूपमा ध्यान अभ्यास गर्नुहोस्। यसले डरलाई कम गर्नेछ। मानसिक रूपमा आराम महसुस हुनेछ।

धेरै सोच्ने समस्याबाट बच्न विभिन्न उपाय अपनाउँदा पनि सोच आइरह्यो भने मनोचिकित्सकको सल्लाह लिएर उपचार गर्नुपर्छ।

# Respect and Reverence of the World



A great man is immortal for his outstanding ideology and undying exploits.

President Kim Il Sung (1912-1994), eternal leader of the Korean people, authored the unique Juche idea that man is the master of everything and decides everything, that is, the masses are the masters of the revolution and construction and they have the strength with which to propel them, thus illuminating the road ahead of the Korean people and other progressive peoples across the world. As the Korean people was led by Kim Il Sung who firmly believed in them and gave free rein to their great strength,they could defeat the US, which had been boasting of being the "strongest" in the world, in the three-year Korean war, and build a socialist country, independent in politics, self-supporting in the economy and self-reliant in national defence, on debris left by the war. Thanks to his politics of loving the people, universal free medical care and free compulsory education were enforced in the country and a people-centred socialist system was built, in which the people are the master of everything and everything serves them. The Juche idea he authored and the energetic external activities he conducted provided the progressive peoples of the world with guidelines for building a new, independent world.

For his outstanding ideology and immortal exploits, Kim Il Sung enjoyed boundless respect and reverence of the international community.

In the last days of his life Chairman Mao Zedong of China said that President Kim Il Sung was the one and only man who can guide the world revolution, sincerely requesting him to continue to guide the world revolution and international communist movement in the future, too. Cuban leader Fidel Castro said that Comrade Kim Il Sung was the most veteran and authoritative statesman among the heads of state in the world.Former US president Jimmy Carter said that President Kim Il Sung was greater than three American presidents who had represented the nation building and destiny of the United States–George Washington, Thomas Jefferson and Abraham Lincoln–put together.

This happened when President Kim Il Sung visited Yugoslavia to attend the funeral of Josip Broz Tito in May 1980.

Over 40 heads of state and government, over 200 delegations and delegates and political, social figures and other personages from different countries visited this country to attend Tito's funeral. At that time, the French newspaper *Le Monde* wrote as follows, "It is noteworthy that President Kim Il Sung, who is a staunch champion of the non-aligned movement, is attending thefuneral." And the American newspaper *New York Times* carried a photo of President Kim Il Sung on the front page when covering the news of arrival by heads of state at Yugoslavia.

The Yugoslavian leaders ensured that President Kim Il Sung took his place at the centre of the leaders of other countries, and that he sat on a chair at the centre of the first row while other heads of state stood on the stairs. On hearing the news, a Japanese journalist said, "President Kim IlSung's visit to Yugoslavia caused a world-wide sensation. It is a great, marvelous event, indeed. Kim Il Sung is a great man and a pride of Asia."

The then executive secretary of Presidium of the Central Committee of Yugoslav League of Communists said, "I was greatly surprised to see many heads of state standing in a row to meet President Kim Il Sung. Though heads of big countries stood near him, several heads of state were not interested in them but approached him to see him. Witnessing this scene, I keenly realized that President Kim Il Sung is a great leader who is enjoying boundless respect and reverence of humanity."

# Children's Palace

A base for extracurricular activities of schoolchildren, the Mangyongdae Schoolchildren's Palace is situated in Kwangbok Street of Pyongyang, the capital city of the Democratic People's Republic of Korea.

Inaugurated in May 1989 and renovated in October 2015,the palace covers a total floor space of about 105 000 on an area of about 214 000 and has 140 club rooms and halls, general art practice hall, theatre, gymnasium, swimming pool, library, e-library, electronic recreation hall, 4D simulation cinema, astronomical knowledge learning area, hall of stuffed animals sent by President Kim Il Sung, Chairman Kim Jong Il and the respected Comrade Kim Jong Un. It can accommodate more than 5000 schoolchildren a day.

After school is over, schoolchildren come to the palace andcultivate their talents in the rooms they choose according to their aptitudes or have various meetings like oratorical or singing contests.

For thepast 30 years after its inaugurationit has trained a large number of promising scientists, artistes and sportspersons.

After visiting the palace, many foreigners said that they came to know well how the DPRK nurtured its future and that they were so impressed by the fact that it provided such excellent palaces and good equipment to children free of charge so as tobring their talents into full bloom.



Art Hall



Theatre



Front wall of the lobby inscribed with Kim IlSung's handwriting which reads: "The children are treasures of the country and future Korea is theirs. Kim Il Sung. April 15, 1989"



Science Hall



Swimming pool



Extracurricular activities of schoolchildren at the Mangyongdae Schoolchildren's Palace











## सी विचारधारा...

बाबेभले अनुसन्धानले आधुनिक चिनियाँ विचारधाराका पाँच क्षेत्रहरू आर्थिक नीति, आन्तरिक नीति र कानून निर्माण, विदेश नीति र अन्तर्राष्ट्रिय सम्बन्ध, रक्षा र सुरक्षा, तथा पर्यावरण र समाजमा केन्द्रित हुने बताए। मस्कोले युक्रेनमा आक्रमण गर्नुअघि गत वर्ष सी र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले "नो लिमिट्स" साझेदारीको घोषणा गरेका थिए। त्यसपछि चीन आर्थिक र भूराजनीतिक दुवै रूपमा रूसको मुख्य सहयोगीका रूपमा चिनिएको छ। चीनले सीको राजनीतिक सिद्धान्तमा कम्तीमा १८ वटा अनुसन्धान संस्थान खोलेको छ।

## इस्ट...

नेपालले सन् २०१७ र २०१९ मा पनि ट्रफी उचालेको थियो । अघिल्ला दुई संस्करणमा एसियन क्रिकेट काउन्सिल (एसिसी) ले प्रतियोगिताको नाम यू-१६ इस्टर्न रिजन राखेको थियो । यसैपटकबाट यू-१६ इस्ट जोन कप नामकरण भएको हो । नेपाली युवा खेलाडीले मलेसियाविरुद्ध ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरेका थिए । ब्याटिङका क्रममा नरेन भट्टले शतक तथा बलिङमा अभिषेक तिवारीले पाँच विकेटको प्रदर्शन गरेका थिए ।

## नर्सहरूलाई...

बढेको बताएका छन्। अबको एक महिनाभित्रमा अनलाइनमार्फत आवेदन आह्वान गरिने पोखरेलको भनाइ छ। एक महिनाभित्रमा कम्तीमा १०० जना नर्सलाई बेलायत पठाउने गरी अनलाइनमार्फत आवेदन आह्वान गरिने भएको छ। मन्त्रालयले तयार पारेको प्रोटोकल लामो समयदेखि पारित हुन सकेको थिएन। बेलायतमा नेपाली स्वास्थ्यकर्मीलाई रोजगारीका अवसर दिन ६ भदौ २०७९ मा नेपाल सरकार र बेलायत सरकारबीच श्रम सम्झौता (एमओयू) भएको थियो। सोही आधारमा दुवै देशका अधिकारीहरूले प्रोटोकल तयार पारेका थिए।

प्रोटोकल अनुसार मापदण्ड पुगेका नर्सहरू सर्ट लिस्टमा नाम निकालिनेछ र अन्तर्वार्तामार्फत बेलायत जानका लागि छनोट गरिने भएको छ। स्वास्थ्यकर्मीको छनोटको सम्पूर्ण प्रक्रिया नेपालमा वैदेशिक रोजगार विभागबाट हुनेछ। त्यसको प्रत्यक्ष मनिटरिङ बेलायतको डिपार्टमेन्ट अफ हेल्थ एन्ड सोसियल केयर (डीएचएससी) मार्फत हुने बताइएको छ।

## इपिजी...

शताब्दीको विकसित परिस्थितिका आधारमा दुवै सरकारलाई सुझाव र सिफारिस गर्ने, दुई देशबीच थप सुदृढ सम्बन्धमा निम्ति आवश्यक संस्थागत संयन्त्र र ढाँचा सिफारिस गर्ने, शान्ति, समृद्धि र हार्दिकता अभिवृद्धि गर्ने, सीमापार अपराध नियन्त्रण र निर्मूलीकरणका लागि उपाय सिफारिस गर्ने कार्यादेशको जगमा इपिजी स्थापना भएको थियो। दुई देशबीच मित्रता प्रबर्द्धन र सुदृढीकरणका लागि आवश्यक अन्य क्षेत्र सिफारिस गर्ने भन्ने वाक्यांश समेत गठन दस्तावेजमा राखिएको देखिन्छ। इपिजीका पाँचवटा बैठक काठमाडौं र चारवटा भारत (तीनवटा दिल्ली एउटा देहरादुन) मा गरी नौवटा बैठक र छलफल भए। तोकिएको एक वर्षको अवधिमा अर्को एक वर्ष थपेर २०७५ असारमा इपिजीले काम सम्पन्न भएको घोषणा गरेको थियो।

कार्यविधि आफैं बनाउन स्वतन्त्र इपिजी तत्कालीन परिस्थितिमा कति शक्तिशाली थियो या सरकारका तालुकदार निकायले त्यसलाई बजेट र समय बढाउने प्रस्तावलाई केही नभनी सहजै सहमति दिइनु र बोलाइएका अधिकांश अनुभवी तथा अध्येताहरू सहजै उपलब्ध हुनुबाट पनि पुष्टि हुन्छ। यसरी सबैको सहयोगमा नेपाल र भारत दुवैतर्फका सदस्यहरूको सहमतिमा तयार भएको प्रतिवेदन दुवै सरकारलाई बुझाउने सवालमा देखिएको विगत चार वर्षदेखिको अन्योललाई कसरी बुझ्ने ? कतै बुझाउने प्रक्रियाका सन्दर्भमा दुई पक्षबीच अझै समूह तहमै छलफलको आवश्यकता छ कि ? लेखन, छलफल र दस्तावेजीकरणमा सम्पूर्ण रुपमा सहभागी प्रबुद्ध समूहका सदस्यहरूको प्रतिवेदनलाई दुई देशबीचको साझा दस्तावेज बनाउन के गर्ने भन्ने सम्बन्धमा औपचारिक र अनौपचारिक प्रशस्त छलफल भए विकल्प निस्कन सक्छ। इपिजी आफैंले प्रतिवेदन पहिले भारतमा त्यो पनि प्रधानमन्त्री तहमा निर्णय गरेको थियो।

यो नेपालमा तीन फरक फरक दलको नेतृत्वमा बनेका सरकारहरूको पहलको परिणाम भए पनि भारतमा समूह गठनताकाकै सरकार छ तैपनि भारतीय प्रधानमन्त्री मोदीलाई यस विषयमा कम चासो भएर या अन्य कारणले प्रतिवेदन बुझ्न समय मिलेको छैन। यो खोजीकै विषय भएको छ। यसो भन्दैमा विदेशमन्त्री या विदेश सचिव स्तरमा बुझाउन हुँदैन भन्ने चाहिँ छैन किनकि ती पनि सरकारकै हिस्सा हुन्। इपिजीका आज पनि सक्रिय रहेका सदस्यहरूको द्विपक्षीय बैठक बसेर अनुकूलता अनुसार प्रतिवेदन पहिले नेपाल सरकारलाई बुझाउने निर्णय गर्ने हो भने सायद भारतमा बुझाउने वातावरण बनाउन पनि सकिन्छ।

प्रतिवेदन भारतमा प्रधानमन्त्री तहमा यत्तिका वर्षसम्म पनि बुझाउन नसक्नुमा इपिजीका भारतीय पक्षकै कमजोरी देखिन्छ। त्यो तहमा सम्पर्क गर्ने र विश्वस्त तुल्याउन सक्ने आत्मविश्वास थिएन वा पहुँच पाउन पनि नसक्ने अवस्था थियो भने किन इपिजीमा प्रधानमन्त्रीलाई नै बुझाउने सहमति गरियो भन्ने प्रश्न ती सदस्यहरूतर्फ सोझिनु अन्यथा होइन। नेपालतर्फका इपिजी संयोजक डा. भेषबहादुर थापा, कहीँ कतै नबुझाई भारतलाई नै बुझाउने र त्यो पनि प्रधानमन्त्री तहमै बुझाउने अडान दोहोऱ्याइरहेका छन्। यसमा अन्य सदस्यहरूको राय पनि त्यस्तै देखिएको छ। कसैले कूटनीतिक रुपमै यो विषय प्रधानमन्त्री तहमै भारत भ्रमणमा उठाउनुपर्ने द्विपक्षीय प्रमुख एजेन्डा हुन सक्दैन भनेर कूटनीतिक रुपमा कसैले भनेको सुनिँदैन। इपिजी प्रतिवेदन भारतलाई बुझ्नका लागि एकल पहल, चासो, सरोकार र सामर्थ्य नेपालको छैन। यसमा दुवै पक्षको सहमति आवश्यक छ।

इपजीको हरेक बैठकमा नेपाली पक्षले सन् १९५० को सन्धि पुनरावलोकनको प्रस्ताव गरिरह्यो। नेपाल भारत खुला सीमा नियमनबारे पनि एजेन्डा अघि साऱ्यो। सन्धि प्रतिस्थापन र सीमा नियमन विषयमा इपिजीमा समान धारणा बन्न सकेको थिएन। २०७४ चैत २९ र ३० मा दिल्लीमा बसेको आठौं बैठकमा सन् १९५० को सन्धि र नेपाल भारत सीमा नियमनका विषयमा आठ घन्टाभन्दा लामो छलफल भएको थियो। इपिजीका भारततर्फका सदस्य नेपालका लागि पूर्वराजदूत जयन्तप्रसादले हरेक बैठकमा सन्धि परिमार्जनको विरोध गरेका थिए। यद्यपि नवौं बैठकले यो विवादलाई सल्टाउँदै सहमति गऱ्यो र साझा प्रतिवेदन तयार गऱ्यो। तर जयन्तप्रसादले प्रतिवेदन भारतको हितमा नरहेको ब्रिफ गरे। उनकै लबिङपछि भारतमा इपिजी प्रतिवेदनको विरोधमा माहोल बनेको बताइन्छ। तर माइन्युटमा भने उनले हस्ताक्षर गरेका थिए।

इपिजीका नौवटा बैठकमा सबभन्दा चर्चा र बहस पनि सन् १९५० को सन्धि परिमार्जनका विषयमा भएको थियो। नेपाली नागरिकलाई भारतमा विदेश सेवा बाहेकका सबै सरकारी सेवामा अवसर दिनुका साथै सम्पत्ति खरिद गर्ने सुविधा हुँदा पनि नेपालले भारतीयलाई त्यो सुविधा नदिएकोमा भारतको आपत्ति छ। त्यस्तै नेपालमा काम गरिरहेका भारतीय शिक्षकलाई पेन्सन लगायतका सुविधा नदिएको प्रतिवेदनले भारतको सुरक्षा चासो सम्बोधन नगरेको लगायतका विषयमा भारतको असहमति छ। इपिजीले तयार गरेको प्रतिवेदनको सीमा व्यवस्थासम्बन्धी विषयमा भारतको विहार सरकारले केन्द्र सरकारसँग असहमति राखेको थियो। प्रतिवेदनमा रहेको खुला सिमाना कायम राख्ने तर सीमा वारपार गर्दा दुवै देशका जनताले परिचयपत्र देखाउनुपर्ने व्यवस्थामा विहार राज्य सरकारले प्रधानमन्त्री मोदीलाई विरोधपत्र बुझाएको थियो। सीमा आवतजावतमा परिचयपत्रको सिफारिसबारे उत्तरप्रदेश, पश्चिम बंगाल, उत्तराखण्ड र सिक्किम राज्यबाट भने विरोध भएको छैन।

विहार सरकारको असन्तुष्टिसँगै कूटनीतिक समुदाय र सुरक्षा सम्बद्ध विभिन्न निकायले पनि विरोध जनाउन थालेपछि भारतीय प्रधानमन्त्री मोदीले इपिजी प्रतिवेदन बुझ्न चासो दिएका छैनन्। परिचयपत्रका आधारमा सीमा आवतजावत गर्ने व्यवस्था र तेस्रो देशबाट नेपालले हतियार खरिद गर्न पाउने व्यवस्थाले मात्रै आफ्नो सुरक्षा चासो सम्बोधन नहुने भारतको बुझाइ देखिन्छ। आफ्नो पक्षको सहभागितासहित तयार पारेको प्रतिवेदन बुझ्न भारतले पनि ढिलाइ गर्छ, समस्या त्यत्ति जेलिने देखिन्छ।

## प्रचण्ड...

थियो। प्रधानमन्त्री प्रचण्डले आफ्नो अभिव्यक्तिबारे प्रस्ट नपारेसम्म संसद् चल्न नदिने निर्णय भएको जानकारी एमालेका सचेतक महेश बर्तौलाले दिएका थिए। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि प्रधानमन्त्री प्रचण्डको अभिव्यक्तिको विषयमा जवाफ माग गर्ने निर्णय गरेको थियो।

प्रधानमन्त्री प्रचण्डले प्रितम सिंहको पुस्तक विमोचन कार्यक्रममा आफूले बोल्दै नबोलेको कुरालाई उचालेर बबण्डर गर्न खोजिएको जिकिर गरेका छन्। यसबाट विपक्षीहरूमा कति पूर्वाग्रह छ भन्ने देखिएको र त्यसबाट केही नहुने प्रधानमन्त्रीको दाबी छ। आफ्नो अभिव्यक्तिले चौतर्फी आलोचना भइरहेको बेला काठमाडौंमा आयोजित एक कार्यक्रममा प्रष्टीकरणको शैलीमा प्रधानमन्त्री प्रचण्डले मेरो अभिव्यक्तिलाई उचालेर बबण्डर गर्न खोजियो भनेका छन्।

प्रधानमन्त्री प्रचण्डले दिएको यो अभिव्यक्ति सत्य भए पनि अहिले उनका लागि तीतो सत्य बन्न पुगेको छ। पक्कै पनि नेपालको राजनीतिमा भारतीय हस्तक्षेप नौलो होइन। यहाँको सत्ताको साँचो दिल्लीमा रहेको कुरा नेताहरूले नै पटक पटक दोहोऱ्याउँदै आएका छन्। जोसुकै सत्तामा आए पनि दिल्ली भ्रमणको हतारो उनीहरूलाई हुने गरेको छ। जसले जति चाँडो भ्रमणको निमन्त्रणा पाउँछ उसलाई त्यति नै बढी सफल प्रधानमन्त्री मान्ने गरिएको छ।

राजदूतको ओहोदाको प्रमाणपत्र बुझाएको शैलीमा हाम्रा प्रधानमन्त्रीहरू दिल्लीमा लम्पसार पर्ने गरेका छन्। सत्ताको प्रत्येक गठन, विघटनको प्रत्यक्ष, अप्रत्यक्ष भूमिकामा भारत रहेको कसैले नकार्न सक्दैन। प्रचण्डले नै आफ्नो पहिलो विदेश भ्रमण चीनबाट थाल्छु भन्दै एउटा कार्यक्रममा चीन गए तापनि पछि त्यसलाई सच्याएर 'मेरो औपचारिक विदेश भ्रमण भारतबाट नै हुन्छ।' भनेका थिए।

प्रधानमन्त्री भएपछि भारतको निम्तो समयमा आएन भने यहाँ ठूलो खलबली मच्चिन्छ र प्रधानमन्त्रीको कुर्सीमा दोलखा भीमेश्वरको मूर्तिमा झैँ अनिष्टकारी पसिना छुट्छ। अनि आफैं निमन्त्रणा मगाएर भए पनि क्षमापूजाका लागि दिल्ली पुग्ने गर्छन्। आखिर यो बाध्यता कहिलेसम्म ?

मुलुकमा अहिले देशमुखी शक्ति र विदेशमुखी शक्तिबीच द्वन्द्व चलिरहेको छ। यो द्वन्द्व पुरानो हो। द्वन्द्वमा जहिले पनि विदेशमुखीकै विजयी हुने गरेको छ। सच्चा देशभक्तहरू ओझेलमा पर्ने गरेका छन्। मुलुकमा भएका प्रत्येक राजनीतिक परिवर्तनको साक्षी र सहयोगीका रुपमा उभिएको भारतले यहाँको सत्तामा जहिले पनि आफू अनुकूल व्यक्ति चाहन्छ। प्रचण्ड आफैंले भारतको लागि कम्फर्ट हुने सरकारको नेतृत्व गर्छु' भन्ने अभिव्यक्ति दिएकाले पहिला पनि विवादमा परेका थिए।

## मटिरब्याजी...

संविधानको धारा ११४ मा दुवै सदनले अध्यादेश स्वीकार नगरेमा र दुवै सदनको बैठक बसेको ६० दिनपछि अध्यादेश स्वतः निष्क्रिय हुने उल्लेख छ। मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गत वैशाख २० मा अध्यादेश जारी गरेका थिए। त्यसको ४ दिनपछि कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङले 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० ' प्रतिनिधि सभामा दर्ता गरेका थिए।

## खुकुरी...

प्रतिशतभन्दा बढी जनतालाई माइनोरिटी (न्यून संख्या) मा पारेर उनीहरूको भावना कुल्चेर करिब १ प्रतिशत क्रिस्चियनहरूको स्वार्थमा देशको संविधान बनेको छ। यो जतिको महाभूल कुनै भएकै छैन। जुन देशमा न्यून संख्यामा रहेको समूहले अधिकतम संख्यामा रहेका समूहमाथि जबर्जस्ती शासन लाद्न खोज्छ त्यहाँ द्वन्द्व अवश्यम्भावी हुनेछ। काला डलर र युरो कमाउने हाम्रा केही प्राज्ञ, विज्ञ, न्यायमूर्ति, सांसद, मन्त्री। कर्मचारीले गरेको जबर्जस्तीबाट नेपाललाई खाल्टोमा हालिँदैछ। नेपालको माटोको माया गर्नेहरूले होसियार हुने दिन सकिनै लागेको छ।

३) तिनै काला डलर र युरो दिनेहरूको लहैलहैमा लागेकाहरूकै नेपालले नमागेको संघीयता थोपरेर अब हामी नेपालीबीच काटामार मच्चाइँदैछ। भ्रष्टाचार गर्ने र खरबपति हुने नेताजी र कर्मचारीको धन तायदात गरेर विकासमा लगाउनुपर्छ। यति सानो नेपालमा त्यति धेरै संघीयता कसरी धान्ने ? अनि कुन भूगोललाई चिरेर कता लग्ने ? के हालको राजनीतिक भूगोल चिर्न सक्ने ताकत अहिलेका नेताहरूमा छ ?

४) सबैभन्दा खतरनाक कुरो भनेको भारतीय ग्रायन्ड डिजाइनमा नेपालको तराई खण्डलाई टुक्रयाएर सिंगो पाकिस्तानलाई फुटाई बंगलादेश बनाएझैं आफ्नै तराई क्षेत्र मित्र राष्ट्र बन्दैछ। पुराना तराईबासीलाई लात मारेर नेपालीमाथि घात गराउन र नेपाल फुटाउन उतैबात ५/७ जनालाई नवनेपाली नेता बनाई 'एक मधेस एक प्रदेश'को माग गराइएको छ। अब त वर्तमान सरकारले १० वर्षे नागरिक बनेका उताका सबैलाई संवैधानिक नियुक्ति दिने बाटो खुलाई एक मधेस एक प्रदेशमात्र होइन 'सिंगो नेपाल भारत क हाल' भनिनेछ। अब नेपालीले एक दशकमात्र कुरे पुग्नेछ। परापूर्व कालदेखि तराईमा बस्ने सिंगो नेपालप्रेमी सबैले यस्ता नवनेपालीलाई समयमै तह लगाउनुपर्छ। तराई भूमि तपाईंहरूको हो अनिमात्र सिंगो नेपालीको हो।

५) अर्को संगीन पक्ष के हो भने भारतले सबै छिमेकी देश (भुटानबाहेक) सँग स्थायी सीमा बनाएको छ। तर सन १९५० को सन्धिको हवाला दिँदै नेपाललाई यो कुरो बोल्न पनि दिँदैन। हरेक वर्ष नेपालको हजारौं विगाहा जमिन जबर्जस्ती मिचेको छ भने हजारौं भारतीयलाई नेपाली नागरिक बनाएको छ। अन्तर्राष्ट्रिय मान्यताअनुसार नेपाल र भारतबीच खुला सिमाना रहनुहुँदैन। लाजमर्दो कुरो त के हो भने नेपाल सरकारमा भएका नेपाल आमाका कुपुत्र तथा भारतीय दलालहरूले भारतीय राजदूताबासलाई नेपालीको एकता भाँड्ने काममा लगाउन पाउनेसमेत गरी सुरुमा ३ करोड र पछि पाँच करोड रुपियाँको खेलो गर्ने छुट दिइयो। त्यो राष्ट्रघाती काम थियो। अर्को कुरो नभएको हल्ला पिटाउनेहरूले विवादमा रहेको सीमा क्षेत्र कालापानीमा राजा महेन्द्रले भारतीय सेना राख्न दिए भनिन्छ। तर श्री ५ राजाहरू हटेपछि नेपालमा बनेका नवराजाहरूले वीरगन्ज र विराटनगरमा भारतीयहरूले कब्जा जमाएका थप कालापानी खडा गराइएका छन्। अनि भारतीय पेन्सन बाँड्ने केन्द्रको नाममा नेपाल अधिराज्यभरी उतैको जासुसी केन्द्र खडा गरिएका छन्। अनि नेपालका सुरक्षाकर्मीहरू रमिते बनेका छन्। नेपालमा धार्मिक, जातीय, क्षेत्रीय द्वन्द्व हुने खतरा देखिन्छ भने नेपालको भूमि छिमेकीले हडप्छ भने, देशभित्र अनाधिकार तरिकाले विदेशीले अखडा जमाउँछन् भने अनि नेपालको खुलेआम गुप्तचरी (ओभर्टली इस्पायोनज) हुन्छ भने तिनका पालनपोषण गर्ने कुनै नेता, मन्त्री, प्राज्ञ, विज्ञ तथा कर्मचारीलाई नम्रता तथा कठोरता (स्विट एन्ड सावर) तरिकाले खबरदारी गराउनैपर्छ। यो देशको नूनको भार हो। अन्यथा, पाप लाग्नेछ, तपाईं कर्मचारीहरूलाई।

६) प्रष्ट पार्नुपर्ने अर्को कुरो के हो भने आतंक भनेको गोली र बन्दुकले मान्छे मार्नुमात्र होइन। हजारौं घटना त्यसभित्र पर्छन् र तीमध्ये नाकावन्दी पनि हो। गोली, बन्दुक, बमले गरेको आतंकवादले छानिएका व्यक्ति र संरचनाको क्षति हुन्छ भने नाकाबन्दी आतंकवादले जापानको हिरोसिमा र नागासाकीमा अमेरिकाले हानेको न्युक्लियर बलले जस्तै सोलोडोलो निर्दोष जनता पनि मार्छ। त्यस्तै आतंकवाद भारतले पटकपटक गरेको छ, नेपालविरुद्ध। नाकावन्दी भनेको ठूलो अपराध हो। अहिले आएर पाकिस्तानलाई मात्र आतंकवादको खानी भन्ने भारतले पटकपटक नेपालविरुद्ध नाकाबन्दी जस्तो घातक आतंक थोपर्ने कामप्रति पश्चाताप लाग्नैपर्ने हो। अर्को शब्दमा भन्नुपर्दा नेपाललाई भारतले कहिल्यै पनि एउटा स्वतन्त्र राष्ट्रका रूपमा लिएकै छैन र लिने छैन पनि। यो समस्या भारतको सबै छिमेकीसँग छ नै। सिधै भन्नुपर्दा दक्षिण एसियाको दुःख भनेकै भारत हो। नेपाली हामी वीरका सन्तान हौं तर सरमका साथ हामीले विदेशी दासत्व स्वीकारेका छौं।

७) अन्त्यमा, नेपालको अस्थिरताले छिमेकीलाई पनि असर पार्छ नै। नेपालको राजनीतिलाई सधैं आधा गाग्री पानी जस्तै छचल्कने गरी हल्लाइराख्ने भारतीय रणनीति घीनलाग्दो छ। किनभने उसले हरेक सत्तालाई फाल्न लगाउने अनि नयाँ सत्तालाई स्थिर हुनै नदिने खेल खेल्छ। जस्तै- वि.सं. २००७ सालको राणा सत्ताविरुद्धको क्रान्तिका भारतीय फौज (सुवासचन्द्र वोसको सेनाबाट जमेका) र हतियार लगाएरै राणा शासन अन्त्य गरियो। उसले भनेको नमान्दा राजा तथा अन्य शक्ति लगाएर बिपी कोइरालाको राजनीति अन्त्य गराई प्रजातन्त्र मासियो, त्यसैताका नेपालमा भारतीय सेनासहित अन्य पदाधिकारी नेपाल पठाई नेपालको राज्य सञ्चालन गरियो। अनि नाकाबन्दीको आतंक गरियो।

वि.सं. २०४६ सालमा राजनीतिक आतंक मच्चाई व्यवस्था परिवर्तन गराइयो, त्यसको एक दशक नै नपुगी नेपाललाई माओवादी नाम गरेका टाउकेहरूलाई उतै घर ज्वाइँ बनाइ नेपालमा लडाइँ सञ्चालन गर्ने हेडक्वार्टर उतै राखियो, अनि राजसत्ता ढालियो। अनि १२ बुँदे सम्झौता उतै गराई नेपालको राजसंस्था फालियो, ८५ प्रतिशत नेपालीले मानेको हिन्दु धर्ममाथि एक प्रतिशत क्रिस्चियन डलरवादीको धर्म फस्टाउने नीति नियम बनाइयो, हिन्दु राष्ट्र हटाइयो, हरेक प्रधान मन्त्रीको कार्यकाल १ वर्ष कट्न नदिने खेलाडी बढाइयो, अब बनेको संविधानलाई कार्यान्वयन हुन नदिएर अझै राजनीतिक अस्थिरता बढाई अर्कै तन्त्र ल्याउने खेल खेलाउँदैछ, हाम्रो मित्र राष्ट्रले।

दुःखसाथ भन्नुपर्छ- वि.सं. २००७ सालबाट मात्र औपचारिक नेपाल-भारत सम्बन्ध सुरु भएको हो। यो ६६ वर्षे सम्बन्धमा भारतबाट नेपालले ६०० वर्षको नर्कबाससरह दुःख भोगेको छ। जति खर्ब सहयोग गरे पनि नेपालीलाई कहिलै स्वतन्त्र देश र जाति नठान्ने हेपाहा पाराले गर्दा त्यो सहयोग श्रापजस्तै भएको छ। हरेक क्षण नेपाल र भारतको विशेष भनिएको सम्बन्ध माछा र बकुल्लाको जस्तै बनेको छ। यो नेपालको रक्षा गर्न हामी तराई, पहाड र हिमालका नेपाली एक भएर फेरि एक पटक कम्मरमा खुकुरी भिर्नुपर्ने दिन आएको छ। आइलाग्नेमाथि जाइलागी म, तपाईं, हामी अनि देश बचाउनैपर्छ। हामी वीरका सन्तान वीर नै रहेका छौं, रहने छौं।

## घोराही...

आर्थिक दैनिकलाई प्राप्त भएको केही बिलमा उल्लेख भएअनुसार कम्पनीले सन् २०१२ मा पहिलो पटक ४३ लाख ८१ हजार पाँच सय २३ रुपैयाँ, दोस्रो पटक ३८ लाख सात हजार चार सय ५० रुपैयाँ र तेस्रो पटक २३ लाख ५८ हजार पाँच सय १० रुपैयाँ आशिस ट्रान्सपोर्टमार्फत भारत पठाएको देखिएको छ। घोराही सिमेन्टको माउ कम्पनी त्रिवेणी ग्रुपले आफ्नो विभिन्न कारोबारको रकम भुक्तानीको लागि आशिष ट्रेडिङ नामको फर्जी कम्पनी खडा गरी सोही कम्पनीमार्फत भारतमा पैसा पठाउने गरेको हो।

त्रिवेणी ग्रुपअन्तर्गतकै अमृत ट्रेडिङ कम्पनीले पनि फर्जी बिलमार्फत भारतमा सामान पठाउने गरेको आरोप पनि उक्त स्रोतले लगाएको छ। त्रिवेणी ग्रुपअन्तर्गतका विभिन्न कम्पनीहरूले कारोबार गर्दा भ्याट बिलहरूको प्रयोग नगरी सबै एक्सेल बिलमार्फत मात्र कारोबार गर्नेगरेको दाबी पनि स्रोतको छ। स्रोतका अनुसार नक्कली र फर्जी बिलमार्फत हुने सबै अवैधानिक कारोबारको व्यवस्थापन गर्नको लागि पुरुषोत्तमलाल संघाई भारतमा बस्ने गरेको र यी सबैको व्यवस्थापन उनी आफैंलै गर्नेगरेको दाबी पनि स्रोतले गरेको छ।

## १ खर्ब...

यो प्रतिबद्धता लक्ष्यभन्दा कम छ नै, तर ऋण प्राप्ति पनि झनै कमजोर देखिएको छ । खर्बभन्दा बढीको प्रतिबद्धता आए पनि प्राप्त हुने ऋण भने निकै कम छ । चालू आर्थिक वर्षमा सरकारले ७९ अर्ब ६७ करोड विदेशी ऋण प्राप्त गरेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जानकारी दिएको छ । यो चालू आर्थिक वर्षको जेठसम्म प्राप्त भएको ऋण हो ।

चालू आर्थिक वर्षमा सरकारले दुई खर्ब ४२ अर्ब २६ करोडको विदेशी ऋण र ५५ अर्ब ४६ करोडको अनुदान उठाउने लक्ष्य राखेको थियो । सरकारी लक्ष्यअनुसार वैदेशिक सहायता नआएको र राजस्वसमेत लक्ष्यभन्दा कम आएपछि हाल आन्तरिक ऋणमार्फत खर्च व्यवस्थापन गरिरहेको छ । जेठसम्ममा दुई खर्ब २० अर्ब ३८ करोडबराबरको आन्तरिक ऋण उठाइसकेको कार्यालयले जानकारी दिएको छ । तर, एक खर्ब ६४ अर्ब रुपैयाँ भने आन्तरिक ऋणको साँबाब्याज भुक्तानीमै खर्चिनुपरेको छ ।

ऋणमा सबैभन्दा ठूलो प्रतिबद्धता विश्व बैंकबाट र अनुदानमा सबैभन्दा बढी प्रतिबद्धता बेलायतबाट प्राप्त भएको छ । विश्व बैंकले ८१ अर्ब ३४ करोड रुपैयाँ ऋण दिने र बेलायतले १९ अर्ब ६६ करोडको अनुदान दिने प्रतिबद्धता गरेको छ ।

विश्व बैंकले ग्रीन रिसाइलेन्ट एन्ड इन्क्लुसिभ डेभलपमेन्ट (ग्रीड), एक्सेलेरेडिङ नेपाल्स रिजनल ट्रान्सपोर्ट एन्ड ट्रेड कनेक्टिभिटी (एक्सेस), डिजिटल नेपाल एक्सेलेरेसन र स्कुल सेक्टर ट्रान्सफरमेसन प्रोग्राममा ऋण दिने प्रतिबद्धता जनाएको हो । साथै स्कुल सेक्टर ट्रान्सफरमेसन प्रोग्राममा दुई अर्ब ६० करोडको अनुदान दिने विश्व बैंकको प्रतिबद्धता छ । एसियाली विकास बैंक (एडिबी)ले चालु आर्थिक वर्षमा ३४ अर्ब ३० करोड बराबरको ऋण र चार अर्ब चार करोडबराबरको अनुदान दिने बताएको छ । पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना, स्कुल एजुकेसन सेक्टर प्लान र स्ट्रेन्थेनिङ सिस्टम टू प्रोजेक्ट एन्ड वुमेन प्रोजेक्ट जस्ता कार्यक्रममा एडिबीले सहायता दिने प्रतिबद्धता जनाएको हो ।

## सम्पत्ति...

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक तारानाथ अधिकारीका अनुसार यही ९ जुनदेखि १४ जुलाई (२४-२९ असार) मा क्यानडामा साधारणसभा हुँदै छ । विभागका अनुसार नेपालबाट २९ जनाको प्रतिनिधिमण्डलले बैठकमा सहभागिता जनाउनेछ । बैठकको 'हेड अफ दी डेलिगेट' गभर्नर महाप्रसाद अधिकारी रहेका छन् भने कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव धनराज ज्ञवालीले पारस्परिक मूल्यांकन समितिको अध्यक्षता गर्नेछन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुन तथा मानव अधिकार हेर्ने सचिव उदयराज सापकोटाले राष्ट्रिय समन्वय समितिको संयोजन गर्ने बताइएको छ।

एपिजी साधारणसभामा सम्पत्ति शुद्धीकरण नियन्त्रण, आतंकवादी गतिविधिमा वित्तीय लगानी रोकथाम, आमविनाशक हतियारको विस्तार रोक्नेसम्बन्धी व्यवस्थाको परिपालना र त्यसको प्रभावकारितामाथि छलफल हुने बताइएको छ । मूल्यांकन प्रक्रियामा हालसम्म एपिजीको विज्ञ समूहसँगमात्र जोडिएकामा अब एपिजीका ४१ सदस्य राष्ट्र र अन्तर्राष्ट्रिय संघसंस्था पनि छलफलमा प्रत्यक्ष सहभागी हुनेछन् । छलफलबाट निस्केको निष्कर्षका आधारमा अन्तिम पारस्परिक मूल्यांकन प्रतिवेदन बन्नेछ । त्यसैका आधारमा एपिजीले नेपाललाई अनुगमन (अब्जर्बेसन) मा राख्नेछ । सम्पत्ति शुद्धीकरण नियन्त्रणमा नेपालको स्थान भने थप अध्ययन गरेर वित्तीय कारबाही कार्यदल (एफएटिएफ) ले निर्धारण गर्ने भएको छ ।

## वर्षमै...

स्वीकृति लिएको विभागको तथ्यांकले देखाएको छ। नेपालको इतिहासमै धेरै कामदार वैदेशिक रोजगारीमा गएको यो पहिलोपल्ट रहेको विभागले जनाएको छ। ७७ वटा म्यानपावरले एक हजारदेखि दुई हजार श्रमिकलाई विदेश पठाएका छन्। १४ वटा म्यानपावर कम्पनीले तीनदेखि पाँच हजारभन्दा बढी कामदार विदेशी पठाएको विभागको तथ्यांकमा छ।

वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र दिएका ८५४ वटा म्यानपावरमध्ये १०० भन्दा कम श्रमिक पठाउने २१२ म्यानपावरको नामावली विभागले सार्वजनिक गरेको छैन। एक आर्थिक वर्षमा वर्षमा १०० जना श्रमिकलाई रोजगारीमा पठाउन नसक्ने म्यानपावर कम्पनीको नवीकरण नहुने र इजाजतपत्र रद्द हुने कानुनी व्यवस्था छ। ऐनमा उल्लेखित संख्याभन्दा कम श्रमिक पठाउने म्यानपावर कम्पनीको नामावली सार्वजनिक नगरिएको विभागले जानकारी दिएको छ। विभागले प्रकाशन गरेको आँकडाअनुसार चालु आवको यस अवधिमा द रिभर ओभरसिजले वैदेशिक रोजगारमा सबैभन्दा बढी श्रमिक पठाएको छ। उक्त म्यानपावर कम्पनीले पाँच हजार १२ जना नेपालीलाई विदेश पठाएको विभागले जनाएको छ। त्यस्तै, दोस्रोमा इन्टरनेसनल म्यानपावर रिक्रुटमेण्ट रहेको छ। सो कम्पनीले पाँच हजार दुई जना श्रमिक पठाएको तथ्यांक छ। तेस्रोमा वाइडस्पेस इन्टरनेसनलले तीन हजार ९२० जनालाई रोजगारीका लागि विदेश पठाएको छ। चौथो स्थानमा रहेको नीलकमल ह्युमन रिसोर्सले तीन हजार ६४१ जनालाई विदेश पठाएको छ भने पाँचौं स्थानमा रहेको एक्सेस पार्टनर्सले तीन हजार ४२८ जनालाई विदेश पठाएको विभागले उल्लेख गरेको छ। यसैगरी, मोन्टेज ओभरसिज, मेरिडियन ओभरसिज, एसओएस म्यानपावर सर्भिस र मास ह्युमन रिसोर्सले तीन हजारभन्दा बढी श्रमिक विदेश पठाएर रेकर्ड राखेका छन्।

चालु आर्थिक वर्षमा नेपालको इतिहासमै सबैभन्दा धेरै कामदार वैदेशिक रोजगारीमा गएको वैदेशिक रोजगार विभागका निर्देशक गुरुदत्त सुवेदीले जानकारी दिनुभयो। चालु आर्थिक वर्षमा पनि मलेसिया र खाडीकै देशमा ८५ प्रतिशत वैदेशिक रोजगारीमा गएको उहाँले बताउनुभयो। चालु आर्थिक वर्षमा युरोपका देश, जापान, दक्षिण कोरिया, अमेरिका, क्यानडा, मलेसिया र अन्य देशमा नेपालीहरू श्रम स्वीकृति लिएर गएको उहाँको भनाइ छ। विभागका अनुसार चालु आर्थिक वर्षमा आठ लाखभन्दा धेरै विदेशिने बताइएको छ।


## सडक डिभिजन काठमाडौंको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो। यसको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो। विभिन्न सडक खण्डमा अनधिकृत रूपबाट सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, निर्माण सामग्रीहरू सडकमै थुपार्ने, सडकमै सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने, स्वीकृति नलिई जथाभावी सडक खन्ने तथा नालीमा ढल मिसाउने एवं फोहोर फाल्ने इत्यादि कार्यका कारण सडक आवागमन तथा वातावरणमा समेत प्रतिकूल असर पर्ने हुनाले उपरोक्त क्रियाकलापहरू नगर्न नगराउनु हुन सम्बन्धित सबैलाई यस सडक विभिजन हार्दिक अनुरोध गर्दछ।

डिभिजन प्रमुख